मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २९ ◆ अङ्क : २०० ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८१ जेठ २५ गते शुक्रवार (Friday, 7 June 2024) नेपाल सम्वत् ११४४ Web : www .purwanchaldaily .com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## हत्या गरेको अभियोगमा तीन जना पक्राउ

**सुनसरी, जेठ २४।** धरान उपमहानगरपालिका-१९ भिक्टोरिया चोक बस्ने १८ वर्षीय ताङ्छुहाङ लिम्बूको कुटपिट गरी हत्या गरेको अभियोगमा तीन जनालाई पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा सोही उपमहानगरपालिका-१९ बस्ने २० वर्षीय सुजन भन्ने गोपाल लामगादे समेत तीन जनालाई प्रहरीले पक्राउ गरेको छ । उनीहरूलाई इलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरीले पक्राउ गरेको हो । सोही उपमहानगरपालिका-१९ भिक्टोरिया चोकमा गोपाल लामगादे

(बाँकी अन्तिम पृष्ठमा)

कोशी प्रदेशसभा

## नीति तथा कार्यक्रम सर्वसम्मतिले पारित



**विराटनगर, जेठ २४।** कोशी प्रदेशसभाको विहीवारको बैठकले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम सर्वसम्मतिले पारित गरेको छ ।

प्रदेशसभा नियमावली, २०७४ को नियम ३८(३) बमोजिम प्रस्तुत भएको वार्षिक नीति तथा कार्यक्रमलाई विहीवारको बैठकमा प्रदेश सभामुख अम्बरबहादुर विष्टले निर्णयार्थ प्रस्तुत गरेपछि पारित भएको हो ।

आगामी आर्थिक वर्ष २०८१/०८२का लागि प्रदेशको तर्फबाट प्रदेश प्रमुख परशुराम खापुङले यही जेठ २१ गते प्रदेशसभामा उक्त नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए । सो नीति तथा कार्यक्रममाथिको छलफलमा यही जेठ २२ गते १६ प्रदेशसभा सदस्य तथा जेठ २३ गते २५ प्रदेशसभा सदस्यले भाग लिई आ-आफ्ना धारणसहित सुझाव र जिज्ञासा राखेका थिए ।

कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले नीति तथा कार्यक्रममाथिको छलफलका क्रममा उठेका विषयमा विगतका वर्षमा प्रदेश सरकारले लिएका राम्रा नीति र सफल अभ्यासलाई वर्तमान सरकारले पनि निरन्तरता दिएको बताए । सरकारले सैद्धान्तिक आधारलाई आत्मसात गरी अघि बढ्न प्रयत्नशील रहेको उल्लेख गर्दै उनले दिगो विकास, फराकिलो एवम् समावेशी आर्थिक वृद्धि र सामाजिक क्षेत्रको विकास नीति तथा कार्यक्रममा राखिएको बताए ।

मुख्यमन्त्री कार्कीले संघीयताको सबलीकरण र सुशासन प्रवर्द्धन, समन्यायिक एवं सन्तुलित विकास, आर्थिक विकासमा लगानीमैत्री वातावरण सिर्जना गर्नु प्रदेश सरकारको प्राथमिकता रहेको भन्दै योजनाबद्ध विकासका लागि प्रभावकारी स्रोत परिचालन, बजेट प्रणालीको सुधार र आर्थिक अनुशासन, दिगो विकास र जलवायु परिवर्तनका निम्ति आवश्यक नीति सरकारले बनाउने उल्लेख गरे ।

मुख्यमन्त्री कार्कीले कृषिको आधुनिकीकरण र

(बाँकी अन्तिम पृष्ठमा)

झापाको कृषि क्षेत्रको विकासमा कोशी प्रदेश सरकारको योगदान

# झापाको कृषि विकासमा १३ करोड

सुरेन्द्र भण्डारी

**झापा, जेठ २४।** कृषिको प्रचुर सम्भावना बोकेको देशकै अग्रणी जिल्ला हो- झापा । कुनै समय धान, गहुँ खेती उत्पादनका लागि यो जिल्ला अग्रणी स्थानमा थियो । देशको कूल उत्पादकत्वमा यसले ठूलो योगदान पुऱ्याउँदै आएको थियो । समतल भूमि र सिञ्चाईको उचित प्रबन्धले मौसम अनुसारका उत्पादन हुन्थ्यो ।

१ लाख ६० हजार ६ सय हेक्टर क्षेत्रफलमा फैलिएको यो जिल्लामा कृषिमा आधारित खेतीयोग्य जमिन ९८ हजार ७ सय १६ हेक्टर छ । जसमध्ये ५० दशमलव ५३ प्रतिशत भूभागमा सिञ्चाई सुबिधा पुगेको छ । कृषि क्षेत्रमा प्रचुर सम्भावना बोकेकै कारण यो जिल्लामा थप सिञ्चाई उपलब्ध गराउने उद्देश्यले संघीय र प्रदेश सरकारले बोरिङ तथा स्यालो ट्युबेल खरिदमा अनुदान कार्यक्रमलाई तीव्रता दिएको छ । यो कार्यपछि कृषकले सिञ्चाई सुविधा उपयोग गर्दै कृषि उत्पादकत्व बढाएका छन् ।

प्रदेश र संघीय सरकारको सहयोगमा यहाँका कृषकका लागि उन्नत बीऊबिजन, मलखाद, कृषि उपकरण र प्रविधि खरिदमा अनुदान प्रदान कार्यक्रम सञ्चालन गरिएको छ । कृषकहरुलाई प्रोत्साहित गर्ने कार्य अघि बढाइएको छ । प्रदेश सरकारद्वारा आधुनिक कृषि उपकरणहरुको उपयोगलाई प्रोत्साहन गरेसँगै लागत घटाउन र उत्पादकत्व बढाउन कृषकलाई मद्दत पुगेको छ । जसले गर्दा झापामा कृषि क्षेत्रको विकासलाई सुदृढ बनाएको छ ।

कृषकले उत्पादन गरेका बस्तुको बजारीकरणमा सहयोग पुऱ्याउन कृषि बजार निर्माण, गह्रासुधार तथा चक्लाबन्दी खेती प्रर्वद्धन कार्यक्रम, तोरी खेती तथा मौरी पालन कार्यक्रम, स्यालो ट्युबेल तथा मोटर जडान कार्यक्रम, प्राङ्गरिक मल उत्पादन तथा पूर्वाधार निर्माण, सोलार सिञ्चाई योजना, तरकारी संकलन केन्द्र निर्माण जस्ता कार्यक्रम झापामा सञ्चालित छन् ।

कृषि क्षेत्रको प्रर्वद्धन र संरक्षणमा प्रदेश सरकारको लगानी पर्याप्त नदेखिए पनि राहत उपलब्ध गराएर



कृषिलाई जीवन्त पारिएको छ । कृषि ज्ञान केन्द्र र स्थानीय तह मार्फत कृषकलाई अनुदान उपलब्ध भइरहेका छन् । प्रदेश सरकारको अनुदानबाट कृषकहरुले तरकारी खेती र अन्नवाली उत्पादन गर्दै आएका छन । कृषिमा उत्पादकत्व बढाउन प्रदेश सरकारको सहयोग सह्राहनीय रहेका कृषि ज्ञान केन्द्र झापाका प्रमुख सागर विष्टले बताए ।

प्रदेश सरकारको सहयोगबाट कृषि ज्ञान केन्द्रले केरा ब्लक बिकास कार्यक्रम,स्रोत बीऊ उत्पादन, उन्नत बीऊ उत्पादन, जुट खेती प्रर्वद्धन, युवा लक्षित तरकारी तथा च्याउ, मह उत्पादन कार्यक्रम, सुपारी प्रशोधन उद्योग तथा यन्त्र उपकरण सहयोग कार्यक्रम, जैविक विषदि उत्पादन तथा प्रर्वद्धन कार्यक्रम सञ्चालन गरिरहेको कृषि ज्ञान केन्द्र झापाका प्रमुख विष्टको भनाइ छ ।

कोशी प्रदेश सरकारले कृषि ज्ञान केन्द्र झापामार्फत चार करोडभन्दा बढी र सोझैं स्थानीय तह मार्फत ९ करोड रुपैयाँ भन्दा बढी झापाका कृषकलाई अनुदान प्रदान गरेको बिष्टको भनाइ छ । देशको कूल ग्राहस्थ उत्पादनमा २७ प्रतिशत योगदान दिने र जनसंख्याको ६० दशमलव ४ प्रतिशत जीविकोपार्जनसँग जोडिएको कृषि क्षेत्र आर्थिक समृद्धिको मुख्य आधार रहेकाले खाद्यमा दीगो पहुँच स्थापना गर्न सरकारको महत्वपूर्ण योगदान रहेको कृषि ज्ञान केन्द्र झापाका प्रमुख विष्टको भनाइ छ ।

**क्षेत्रफल घट्यो, उत्पादन बढ्यो**

झापामा खेतीयोग्य जमिन खुम्चिदै गएपनि उत्पादकत्व भने बढ्दै गएको पाइएको छ । कृषकले समयमा मलखाद, बीऊ र सुख्खा क्षेत्रका कृषकका लागि समेत सिञ्चाई सुविधा पुऱ्याउन सरकारले अनुदानमा विद्युत् मोटर प्रदान गर्दै आएसंगै समयमा खेती गरिँदा उत्पादनमा बृद्धि भएको कृषि ज्ञान केन्द्र झापाले जनाएको छ ।

आर्थिक वर्ष २०७९/०८०मा झापामा चैते धान सहित चार लाख ३६ हजार ४ सय ६७ दशमलव ५ मेट्रिकटन धान उत्पादन भएको कृषि ज्ञान केन्द्र झापाको तथ्याङ्कमा उल्लेख छ । झापामा १९ हजार ८ सय ५० हेक्टर क्षेत्रफलमा चैते धान उत्पादन हुँदै आएको छ । जसमा एक लाख ४ हजार १४ मेट्रिक टन धान गतवर्ष उत्पादन भएको थियो ।

त्यस्तै मुख्य धान ८७ हजार ५ सय हेक्टर क्षेत्रफलमा हुँदै आएको कृषि ज्ञान केन्द्र झापाको तथ्याङ्कमा उल्लेख छ । झापामा उत्पादन हुने बाली मध्ये धान र मकै मुख्य बाली हुन् । संघीय सरकारको सहयोगमा झापामा धान सुपरजोन कार्यक्रम सञ्चालन गरिएसँगै धान उत्पादनमा टेवा पुगेको हो । हाल कचनकवल गाउँपालिकामा धान सुपरजोन कार्यक्रम सञ्चालित छ ।

कोशी प्रदेशमै झापामा राम्रो धान उत्पादन हुन्छ । तर, बर्षेनि धान रोपाइँ हुने क्षेत्र घट्दा खेतीयोग्य जमिन मासिँदै गएको पुष्टि हुन्छ । १० वर्षअघिसम्म झापामा करिब ९० हजार हेक्टर क्षेत्रफलमा धानखेती हुन्थ्यो । तर, पछिल्लो समय खेतीयोग्य जमिन मासेर जग्गा प्लटिङ गर्दै आवास क्षेत्रमा परिणत गर्दा खेती घट्दै गएको कृषि ज्ञान केन्द्र झापाका प्रमुख विष्टले बताए ।

शहरी क्षेत्रमा बढ्दो प्लटिङ र ग्रामीण क्षेत्रमा पनि युवा जनशक्तिको अभाव हुँदा धानको उर्वर फाँट मासिने क्रममा छ । झापाका १५ स्थानीय तहमा नै धान उत्पादन हुन्छ । जसमा कचनकवलसहित गौरादह, शिवसताक्षी, गौरीगञ्जमा भने तुलनात्मक रूपमा धान राम्रो फल्ने गरेको कृषि ज्ञानकेन्द्र झापाले जनाएको छ ।

झापामा धानपछि मकै उत्पादन धेरै हुने गरेको छ । आर्थिक वर्ष २०७९/०८० को तथ्याङ्क हेर्ने हो भने झापामा धान पछि मकै उत्पादन धेरै भएको देखिएको छ । आर्थिक वर्ष २०७९/०८०मा झापामा ४४ हजार २ सय ५० हेक्टर क्षेत्रफलमा मकै खेती भएको छ । जहाँ २ लाख २५ हजार ६ सय ७५ मेट्रिकटन मकै उत्पादन भएको हो ।

सिञ्चाई नपुगेका क्षेत्रमा समेत सरकारले सिञ्चाईका लागि सहयोग पुऱ्याएसँगै झापामा धान तथा मकै उत्पादन बढ्दै गएको हो । झापा गाउँपालिकामा मकै

(बाँकी अन्तिम पृष्ठमा)

मनसुनजन्य विपद्

## झापामा ४२ हजार प्रभावित हुने

**झापा, जेठ २४।** यस वर्षको मनसुनमा झापाका ४२ हजारभन्दा बढी मानिस बाढी र डुबानको समस्याबाट प्रभावित हुनसक्ने प्रक्षेपण गरिएको छ ।

जिल्ला विपद् व्यवस्थापन समितिले तयार पारेको जिल्ला विपद् प्रतिकार्य योजना २०८१ अनुसार करिब ४२ हजार मानिस बाढी र डुवानबाट प्रभावित हुने प्रक्षेपण गरिएको हो ।

समितिको प्रक्षेपण अनुसार १५वटै पालिकाका नौ हजार घरपरिवार मनसुनजन्य विपद्बाट प्रभावित हुन सक्नेछन् । जिल्लामा मनसुनजन्य विपद्मा बाढीको समस्या धेरै हुने गरेको बिगतको तथ्याङ्कले देखाउँछ । उक्त अनुमान अनुसार अहिलेदेखि नै जोखिम न्यूनीकरण र व्यवस्थापनको तयारी तीव्र बनाइएको समितिले जनाएको छ ।

समितिका अध्यक्ष एवम् प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बाँस्तोलाले बाढीको उच्च जोखिमबाट समुदायलाई सुरक्षित राख्न सरोकार भएका सबै निकायलाई तयारी अवस्थामा राखिएको जानकारी दिए । उनले जिल्ला विपद् व्यवस्थापनको कोषमा रु. एक करोड ५० लाख सञ्चित रहेको जानकारी दिए । उक्त रकम बाढीलगायत विपद्का कारण जीउधन गुमाउने परिवारलाई तत्काल राहत तथा उद्धारमा खर्च गरिने छ ।

मृतकका परिवारलाई रु. दुई लाख र घर क्षति भएका परिवारलाई रु. १५ देखि २० हजारसम्मका दरले कोषबाट राहत उपलब्ध गराइने प्रजिअ बाँस्तोलाले जानकारी दिए । उनका अनुसार जिल्लाका १५ वटै पालिकामा अलग-अलग विपद् कोष स्थापना गरी पालिका अनुसार रु. १०देखि ५० लाखसम्मको रकम रहेको छ ।

नेपाल रेडक्रस सोसाइटीले राहत सामग्री, एम्बुलेन्स र स्वयम्सेवक दस्ता तयारी अवस्थामा राखेको छ । झापाका नौवटा नदीमा आउने बाढीबाट सबैभन्दा धेरै प्रभावित हुने गरेका छन् । जिल्ला विपद् व्यवस्थापन समितिको अभिलेख अनुसार कनकाई, मेची, बिरीङ, रतुवा, कमल, बनियानी, निन्दा, हडिया र टाङटिङ नदीमा आउने बाढीबाट स्थानीय बासिन्दा प्रभावित बन्ने गरेका छन् ।

दक्षिण-पश्चिम झापाको बाढी र डुबानको जोखिममा रहेका बाह्रदशी, झापा र गौरीगञ्ज पालिकामा उद्धार तथा राहत कार्यका लागि रबर बोटको व्यवस्था गरिसकेको प्रजिअ बाँस्तोलाले बताए । उनले भने- बाढीको उच्च जोखिममा रहेका गाउँमा जुनसुकै बेला उद्धार तथा राहत पुऱ्याउन रबर बोटको व्यवस्था मिलाएका छौं । नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी र रेडक्रसले यसका लागि समन्वय गरेर कार्य गर्नेछन् । जनधनको क्षति हुन नदिन सबै पक्षसँग समन्वय गरेर आवश्यक पूर्वतयारी गरिरहेका छौं ।

विपद् व्यवस्थापन समितिले तयार पारेको जिल्ला विपद् प्रतिकार्य योजना-२०८१ अनुसार कनकाई नदीको कटान र डुबानले यसवर्ष झापा, गौरीगञ्ज, शिवसताक्षी र कनकाई पालिकाका दुई हजार दुई

(बाँकी अन्तिम पृष्ठमा)

## खैरो हेरोइनसहित भारतीय पक्राउ

**संखुवासभा, जेठ २४।** संखुवासभाको खाँदबारी नगरपालिका-१ बाट एक जना भारतीय नागरिक अवैध लागूऔषध खैरो हेरोइनसहित पक्राउ परेका छन् । पक्राउ पर्नेमा बिहार घर भएका ३० वर्षीय एमडी साहेवजान रहेका छन् ।

जिल्ला प्रहरी कार्यालय संखुवासभाका प्रहरी निरीक्षक रामकुमार लामिछानेका अनुसार प्रहरीले विशेष सूचनाका आधारमा साहेवजानलाई टुँडिखेल बसपार्क क्षेत्रबाट पक्राउ गरेको हो । 'केही समयदेखि उनले लागूऔषधको कारोबार गरिरहेको गोप्य सूचना आएको थियो । त्यसैको आधारमा निरन्तर निगरानीपछि उनलाई पक्राउ गर्न सफल भयौं'- लामिछानेले भने ।

उनको साथबाट २.८ ग्राम खैरो हेरोइन र नगद २० हजार रुपैयाँ बरामद गरिएको प्रहरीको भनाइ छ । उनीमाथि लागू औषध (नियन्त्रण) ऐन, २०३३ बमोजिम थप अनुसन्धान भइरहेको छ ।

## नरेन्द्र मोदीको शपथ ग्रहणमा दाहाललाई निम्तो

**झापा, जेठ २४।** भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको शपथ ग्रहण समारोहमा सहभागी हुन नेपालका प्रधानमन्त्री पुष्पकमल दाहालले निम्तो पाएको नेपाली अधिकारीहरूले बताएका छन् ।

भारतमा सत्तारूढ एनडीए गठबन्धनको नेतृत्व गर्दै तेस्रोपटक प्रधानमन्त्री बन्न लागेका मोदीले प्रधानमन्त्री दाहालसँग बुधवार टेलिफोनमा कुराकानी गरेका थिए ।

त्यसक्रममा प्रधानमन्त्री दाहालले आगामी कार्यकालका लागि मोदीलाई न्यानो र आत्मीय शुभकामना व्यक्त गरेको उनका एक सल्लाहकारले बताए । मोदीको शपथ ग्रहण समारोहमा सहभागी हुन दिल्ली जाँदा यो कार्यकालमा प्रधानमन्त्री प्रचण्डको दोस्रो भारत भ्रमण हुनेछ ।

सन् २०१४मा मोदीले शपथ लिँदा आयोजित विशेष समारोहमा तात्कालीन प्रधानमन्त्री सुशील कोइराला सहभागी भएका थिए ।

**प्रधानमन्त्री कार्यालय के भन्छ ?**

प्रधानमन्त्री दाहालका प्रेस सल्लाहकार गोविन्दप्रसाद आचार्यले दुई देशका प्रधानमन्त्रीबीच टेलिफोनमा कुराकानी भएको र शपथग्रहणमा सहभागी हुने विषयमा सल्लाह भइरहेको बताए ।

उनले भने- दुई प्रधानमन्त्रीबीच कुराकानी हुँदा प्रधानमन्त्रीले दिएको न्यानो र आत्मीय शुभकामनाका लागि उहाँ (मोदी)ले धन्यवाद दिनुभयो । शपथ ग्रहणमा सहभागिताका बारेमा छलफल भइरहेको छ । दुई प्रधानमन्त्रीबीचको टेलिफोन कुराकानीमा प्रधानमन्त्री मोदीले दाहाललाई आफ्नो शपथ ग्रहण समारोहमा सहभागी हुनका लागि आमन्त्रण गरेको बुझिएको छ ।

सो कुराकानीपछि भारतीय प्रधानमन्त्री


(बाँकी अन्तिम पृष्ठमा)

# मोरङः पथरीशनिश्चरेमा सबैभन्दा बढी बेरूजु

**पथरीशनिश्चरे, जेठ २४।** मोरङको पथरीशनिश्चरे नगरपालिकामा १ अर्ब ३८ करोड ९८ लाख ३८ हजार रुपैयाँ मध्ये ४ करोड ८९ लाख २५ हजारको लेखा परीक्षण भएको छ ।

पथरी शनिश्चरेको बेरुजु ३.५२ प्रतिशत देखिएको छ । जिल्लामा यो सबैभन्दा धेरै बेरुजू देखिएको पालिकामा परेको छ । महालेखा परीक्षकको ६१ औं वार्षिक प्रतिवेदनमा मोरङमा १७ पालिकामध्यें कम बेरुजु प्रतिशत भएको पालिकामा विराटनगर महानगरपालिका रहेको छ ।

विराटनगर महानगरपालिकाको हालसम्मको ६ अर्ब ८९ करोड ३१ लाख ६३ हजार रुपैयाँ रकम लेखापरीक्षण




भएको हो । जसमा बेरुजू रकम भने ७ करोड ११ लाख ५३ हजार अर्थात् १.०३ प्रतिशत मात्रै छ । सुन्दरहरैंचामा ३ अर्ब ६ करोड ५६ लाख ८९ हजार लेखापरीक्षण गर्दा ९ करोड ९२ लाख ३८ हजार बेरुजु पुगेको छ । कानेपोखरी गाउँपालिकाको १ अर्ब ७७ करोड ८८ लाख ८४ हजार रुपैयाँको लेखापरीक्षण भइसक्दा बेरुजु रकम भने ५ करोड ५३ लाख ४० हजार छ ।

केराबारी गाउँपालिकाको बेरुजू ४ करोड ३६ लाख ९८ हजार, जहदा गाउँपालिकाको ४ करोड ४१ लाख ८३ हजार, उर्लाबारी नगरपालिकाको ६ करोड ७६ लाख ९५ हजार, रंगेली नगरपालिकाको ४ करोड ६३ लाख ५२ हजार, बेलबारी नगरपालिकाको ३ करोड ५९ लाख २ हजार बेरुजु देखिएको छ भने रतुवामाई नगरपालिकाको ३ करोड ४५ लाख ४० हजार, लेटाङ नगरपालिकाको ३ करोड ३५ लाख ५६ हजार, सुनवर्षी नगरपालिकाको २ करोड ७१ लाख १० हजार रुपैयाँ बेरुजू रहेको छ ।

कटहरी गाउँपालिकाको २ करोड ५७ लाख ३५ हजार, ग्रामथान गाउँपालिकाको २ करोड १८ लाख ५९ हजार, धनपालथान गाउँपालिकाको ४ करोड ६ लाख २० हजार, बुढीगंगा गाउँपालिकाको ३ करोड ७२ लाख ७८ हजार र मिक्लाजुङ गाउँपालिकाको बेरुजू ४ करोड ४५ लाख १५ हजार रुपैयाँ रहेको महालेखाको प्रतिवेदनमा उल्लेख छ । उक्त बेरुजू रकम स्थानीय तहको गठन भए यताको ७ वर्षमा कायम भएको रकम हो ।

## सवारी दुर्घटनामा परी दुई जनाको मृत्यु

**झापा, जेड २४।** झापामा भएको सवारी दुर्घटनामा परी दुई जनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा मेचीनगर नगरपालिका-१२स्थित माथिल्लो धाइजनमा भएको सवारी दुर्घटनामा परी बुद्धशान्ति-५ निवासी २५ वर्षीय लीलाप्रसाद ढुङ्गेल र सोही ठाउँका २९ वर्षीय चेतन रिजाल रहेको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी नायव उपरीक्षक कृष्णकुमार चन्दले जानकारी दिए ।

चारआलीबाट बुधबारेतर्फ गइरहेको मे७प ७२८३ नम्वरको स्कुटरमा सवार उनीहरु सडक किनारमा रोकी राखेको को१च ७२६४ नम्वरको बोलेरो पिकअपमा ठोक्किएर घाइते भएका थिए ।

# पर्यटन व्यवसायीको क्षमता विकास

**बिर्तामोड, जेठ २४।** पर्यटन कार्यालय झापाले पर्यटन व्यवसायमा आबद्ध व्यवसायीको क्षमता विकास सम्बन्धी एक दिने प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ ।

बिर्तामोडमा आयोजित प्रशिक्षण कार्यक्रममा होटल, ट्राभल्स, ट्रेकिङमा आबद्ध व्यवसायीहरुको सहभागिता रहेको थियो । पर्यटन कार्यालय झापाका प्रमुख छविलाल खतिवडा र बाल्मीकि एजुकेशन फाउन्डेशनका अध्यापक निरज श्रेष्ठले




प्रशिक्षण दिएका थिए । प्रशिक्षण कार्यक्रममा झापाका ५० भन्दा बढी पर्यटन व्यवसायीको सहभागिता रहेको थियो ।

कार्यक्रमको उद्घाटन गर्दै प्रमुख अतिथि समेत रहेका बिर्तामोड नगरपालिकाका उपप्रमुख नगेन्द्र संग्रौलाले नेपालको पर्यटन विकासका लागि विभिन्न सम्पदाहरुको कोरिडोर निर्माण गर्नुपर्ने धारणा राखे । उनले पर्यटन विकासको लागि होटल, ट्राभल्स, ट्रेकिङमा आबद्ध व्यवसायीहरुको सरोकारवालाहरुसँग हातेमालो जरुरी हुने बताए ।

नेपालमा विविधतायुक्त हावापानी रहेको भन्दै संग्रौलाले त्यस्ता हावापानी भएका स्थान पर्यटकको रोजाइमा पर्ने भएकाले यसको प्रचारप्रसार गर्न आवश्यक रहेको बताए । नेपालमा हिमाल, पहाड र तराईजस्तो विविधतायुक्त भूगोल रहेको भन्दै १२ महिना नै यहाँ पर्यटनको सम्भावना रहने धारणा उनको थियो । होटल व्यवसायी संघ झापाका महासचिव शिवराज पौडेलले स्वागत गरेको कार्यक्रमको सञ्चालन पर्यटन कार्यालय झापाका सूचना अधिकारी निरज कट्टेलले गरेका थिए ।

कार्यक्रममा होटल व्यवसायी संघ कोशी प्रदेशका अध्यक्ष राजन दंगाल, झापा अध्यक्ष इन्दिरा श्रेष्ठ, नेपाल टुर्स एण्ड ट्राभल्स एशोसिएशन (नाट्टा) का कोशी प्रदेश महासचिव नवीन खरेल लगायतका सरोकारवालाको सहभागिता रहेको थियो ।

# टायल्स तथा मार्वल व्यवसायी संघ झापालाई पूर्णता




**झापा, जेठ २४।** टायल्स तथा मार्बल ब्यवसायी संघ झापाले पूर्णता पाएको छ । व्यवसायीको हितका लागि गठित मार्बल ब्यवसायीहरुले संगठित हुँदै संघलाई पूर्णता दिएका हुन् ।

बिर्तामोडस्थित कला डिजाइन एण्ड इन्टेरियर सप्लायर्सका सञ्चालक समेत रहेका कुशल खतिवडाको अध्यक्षतामा गठित संघले पूर्णता पाएको हो । खतिवडा बिर्तामोड उद्योग वाणिज्य संघका महासचिव समेत रहेका छन् । त्यस्तै संघको वरिष्ठ उपाध्यक्षमा विजयकुमार गोयल, उपाध्यक्षमा जयप्रकाश सिटौला र सोम खनाल रहेका छन् । त्यस्तै सचिवमा बलदेव योगी, सहसचिवमा बिक्रम खरेल र कोषाध्यक्षमा मदन अग्रवाल रहेका छन् । यसैगरी संघको सदस्यमा सुशन प्रसाईं, तुलसी उप्रेती, भानुभक्त अधिकारी, राम सिटौला, चन्द्रप्रसाद भट्टराई रहेका छन् ।

नेत्रप्रसाद बिमलीको संयोजकत्वमा सल्लाहकार समिति गठन भएको छ । समितिको सदस्यहरुमा श्याम लम्साल र अजय नाटा रहेका छन् । झापामा एक सयभन्दा बढी मार्वल व्यवसायी रहेको बताइएको छ । गठित समितिले व्यवसायीको हितका लागि काम गर्ने जनाइएको छ ।

यसैबीच बिर्तामोड उद्योग वाणिज्य संघले एक सक्षिप्त कार्यक्रमको आयोजना गर्दै टायल्स तथा मार्बल ब्यवसायी संघ झापाको अध्यक्षमा संघका महासचिव खतिवडा चयन भएको भन्दै बधाई ज्ञापन गरेको छ । बिर्तामोडस्थित संघको कार्यालयमा संघका महासचिव खतिवडासहित टायल्स तथा मार्बल व्यवसायी संघ झापाका सबै पदाधिकारी र सदस्यहरुमा संघका अध्यक्ष राजु न्यौपानेसहितका व्यवसायीले बधाई ज्ञापन गरेका थिए ।

## झापाको कृषि विकासमा...





ब्लक कार्यक्रम सञ्चालन गर्दै किसानलाई मलखाद, सिञ्चाई र बीऊमा समेत अनुदान प्रदान गरिएसँगै मकै खेती गर्ने किसानको संख्या बढेको झापा गाउँपालिकाकी कार्यवाहक अध्यक्ष अञ्जुदेवी थपलियाले बताइन् ।

झापाको मुख्यबाली धान तथा मकै भएपनि किसानले अन्य बाली समेत उत्पादन गर्दै आएका छन् । उत्तरी झापामा सुपारी खेती प्रर्वद्धनका लागि सरकारले विभिन्न कार्यक्रम सञ्चालन गरेको छ । जसका कारण उत्तरी झापामा सुपारी खेती फस्टाएर गएको छ । जसबाट किसानको जीवनस्तर सुदृढ बन्दै गएको छ । यहाँका कृषकले सुपारी वारीमा कागतीखेती, मरिच खेती, बेसार र अदुवा खेती समेत गर्ने गरेका छन् । कतिपय कृषकले सुपारी बगानभित्रै अलैंची खेती गर्दै आएका छन् । जसबाट उनीहरुले अन्न बालीको तुलनामा बढी आम्दानी लिन सफल भएका छन् ।

त्यस्तै यहाँका कृषकले दलहन र तेलहन बाली समेत लगाउँदै आएका छन् । सरकारी अनुदान पाएपछि यहाँका कृषकले सुख्खा याममा बाँझो रहने जमिनमा समेत अहिले खेती गर्दै आएका छन् । झापाका कृषकले फापर, कोदो जस्ता बाली समेत लगाउँदै आएको जिल्ला कृषि ज्ञान केन्द्रको तथ्याङ्कमा उल्लेख छ ।

**सिञ्चाईको लागि सरकारी सहयोगको अवस्था**

जिल्लाको अर्जुनधाराका कृषकलाई सिञ्चाई सुविधा उपलब्ध गराउन प्रदेश सरकारको सहयोगबाट यहाँका कृषकलाई सिञ्चाई मोटर बितरण गरिएको छ । कृषकलाई २/३ हर्ज पावरको सिञ्चाई मोटर र त्यसमा प्रयोग हुने बोरिङ बितरण गरिएको अर्जुनधारा नगरपालिकाकी कृषि अधिकृत एञ्जिला बेडारीले बताइन् । अर्जुनधारा नगरपालिकाको नगरस्तरीय निर्णायबाट प्रदेश सरकारको कार्यविधि अनुसार कृषकलाई पानी तान्ने बिद्युत् मोटर बितरण गरिएको हो ।

सिञ्चाईका लागि पानी तान्ने बिद्युत् मोटर प्रदान गरिएसंगै अर्जुनधारा नगर क्षेत्रका कृषक लाभान्वित भएका छन् । नगरपालिकाले कृषकका लागि ६० वटा भन्दा बढी मोटर त्यसमा प्रयोग हुने बोरिङ प्रदान गरिएको अर्जुनधारा नगरपालिकाकी अधिकृत बेडारीको भनाइ छ । कृषकलाई सिञ्चाई उपकरण बितरण गरिएसँगै यहाँका कृषक व्यवसायिक खेतीमा आकर्षित भएका छन् ।

यता बाह्रदशी गाउँपालिकाले एक सय पाँच जना कृषकलाई सिञ्चाईका लागि विद्युत मोटर बितरणको तयारी गरिरहेको गाउँपालिकाका कृषि अधिकृत निसान विष्टले बताए । कृषकसंग ५० प्रतिशत साझेदारीमा पानी तान्ने बिद्युत् मोटर बितरणको तयारी गरिएको हो । जसका लागि कृषकसंग ५० प्रतिशत रकम संकलनको काम भइरहेको छ । प्रदेश सरकारको सहयोगमा यहाँका कृषकलाई बिद्युत् मोटर बितरणको तयारी थालिएको हो । अघिल्लो आर्थिक वर्ष समेत यहाँका कृषकलाई प्रदेश सरकारको सहयोगमा सिञ्चाईका लागि पानी तान्ने बिद्युत मोटर, हाते ट्याक्टर, च्यापकटर मेसिन, मकै छोडाउन प्रयोग गरिने मेसिन लगायतका कृषि उपकरण वितरण गरिएको थियो । यो वर्ष बाह्रदशी गाउँपालिकाका कृषकलाई एक करोड ६० लाख मूल्य बराबरको कृषकलाई पानी तान्न प्रयोग गरिने बिद्युत् मोटर बितरण गरिने गाउँपालिकाका सूचना अधिकारी हिमाल सुवेदीले बताए ।

त्यस्तै बाह्रदशी गाउँपालिकामा ३५ लाख रुपैयाँको लागतमा कृषि बजार निर्माण गरिएको छ । गाउँपालिकाको वडा नम्वर-२ स्थित बुट्टाबारीमा कृषि बजारका लागि टहरा निर्माण गरिएको कृषि विकास अधिकृत विष्टको भनाइ छ । अर्जुनधारा र बाह्रदशीका कृषक प्रदेश सरकारबाट उपलब्ध गराएको अनुदान पाउने प्रतिनिधि कृषक मात्र हुन् । प्रदेश सरकारको सहयोगमा झापाका १५ स्थानीय तह मध्ये अधिकांश पालिकाका कृषकलाई कृषि उत्पादनमा बढावा दिन सिञ्चाई सुविधा उपलब्ध गराइएको छ । जसबाट यहाँका अधिकांश कृषक लाभान्वित भएका छन् ।

**अनुदान पाएपछि फेरियो कृषकको दैनिकी**

बाह्रदशी गाउँपालिका-५का कृषक तुलसीप्रसाद पाण्डे २०३६ सालदेखि कृषि पेशामा संलग्न थिए । परम्परागत रुपमा कृषि कर्म गर्दै आएका पाण्डे प्रदेश सरकारले उपलब्ध गराएको अनुदान पाएपछि भने व्यवसायिक कृषि कर्ममा लागेका छन् । अहिले उनी व्यवसायिक रुपमा तरकारी तथा फलफूल खेती र फूल उत्पादन गर्छन् । कुनै समय रहरले फूल खेती र आफूलाई खान फलफूल खेती गर्दै आएका पाण्डेले अहिले भने व्यवसायिक रुपमा तरकारी, फलफूल र फूल खेती गर्दै मनग्य आम्दानी गरिरहेका छन् । पाण्डे फलफूल तथा नर्सरी फर्म दर्ता गरेर व्यवसायिक खेतीमा जुटेका पाण्डेको अहिलेको दैनिकी फलफूलको हेरचाह र बजारीकरणमा बित्ने गरेको छ ।

पुष्प खेतीका लागि नर्सरी स्थापना कार्यक्रमका लागि सरकारसंग अनुदान लिएका पाण्डेले अहिले फूल तथा फलफूलका बिरुवा उत्पादनसंगै बजारीकरण गरिरहेका छन् । प्रदेश सरकारले उपलब्ध गराएको अनुदानमार्फत टनेल निर्माण गर्दै उनले विभिन्न प्रजातिका फूलका र फलफूलका विरुवा उत्पादन गर्दै बिक्री बितरण गर्दैछन् ।

आश्चर्यको कुरा के छ भने पाण्डेले एउटा आँपको बोटमा आठ प्रजातिका आँप जोडेको छ । १६ प्रजातिका आँप एउटै बोटमा फलाउने लक्ष्य लिएका पाण्डेले आठ प्रजातिका आँप जोडिसकेका छन् भने केही प्रजातिका आँपले फल दिन शुरु गरेको पाण्डेको भनाइ छ ।

सूर्जापुरी, बम्बाई, कृष्णभोग, अम्रपाली, मल्लिका, निलम, तोतापुरी, दसहरी प्रजातिका आँप राउण्डिङ गरेर जोडिएको र केही प्रजातिका आँपले फल दिन शुरु गरेको उनको भनाइ छ । अन्य प्रजातिका आँपका बिरुवा संकलन गर्ने काम भइरहेको र एउटा आँपको बोटमा १६ प्रजातिका आँप फलाउने आफ्नो लक्ष्य रहेको उनको भनाइ छ ।

त्यसो त पाण्डेले होक्सेको बोटमा अमिलो प्रजातिका विभिन्न १० जात जोडेर फल फलाएसँगै २०७२ सालमा राष्ट्रपतिबाट पुरस्कृत भएका थिए । होक्सेको बोटमा सन्तोला, पहाडको गोल कागती, तराईमा हुने चाइनिज कागती, मदरासी कागती, मन्तोला, बिमिरो, ज्यामिर, नाइटे ज्यामिर लगायतका फल फलाएसंगै उत्कृष्ट कृषकका रुपमा राष्ट्रपतिबाट पाण्डे पुरस्कृत भएका थिए ।

सामान्य लेखपढ गर्न मात्रै जान्ने पाण्डेलाई झापामा 'नपढेका बैज्ञानिक' भनेर बोलाउने गरेका छन् । पाण्डेको नर्सरीमा अहिले अंगुर, रेड बनाना, सपाटो, नास्पाती लगायतका फलफूल समेत पाउन सकिन्छ । जुन चिसो र ओसिलो ठाउँमा मात्रै पाइने प्रजाति हुन् ।

**अनुदान पाएपछि व्यवसाय बृद्धिमा सहयोग**

बिभिन्न शीर्षकमा प्रदेश सरकारले झापाका कृषकलाई अनुदान प्रदान गरेसंगै युवा समेत कृषि कर्ममा आकर्षित बन्दै आएका छन् । जसका कारण व्यवसाय बृद्धिमा सहयोग पुगेको छ । प्रदेश सरकारले उपलब्ध गराएको अनुदानका कारण उत्पादन बृद्धि र रोजगारी समेत सृजना भएको छ । सरकारले उपलब्ध गराएको अनुदान पाउने कृषक प्रविधिसँग जोडिदै गएका छन् । नयाँ प्रविधिसंग कृषक जोडएसँगै उत्पादकत्व बृद्धि हुँदै गएको कृषि ज्ञान केन्द्र झापाले जनाएको छ ।

झापाका सबै कृषकले अनुदान नपाएपनि वार्षिक रुपमा ६ देखि ७ हजार कृषक प्रत्यक्ष लाभान्वित हुने गरेको कृषि ज्ञान केन्द्र झापाका प्रमुख विष्टको भनाइ छ । अनुदान नपाउने कृषकलाई समेत बर्षभरि सञ्चालन हुने विभिन्न कार्यक्रममा सहभागी गराइँदै आएको उनको भनाइ छ । बीऊ बिजनका कार्यक्रम, बालीमा लाग्ने रोग किरा निदानका कार्यक्रम जस्ता स-साना तर महत्वपूर्ण कार्यक्रममा झापाका किसानलाई समेट्ने गरिएको विष्टले बताए ।

सरकारले कृषकका लागि अनुदान उपलब्ध गराएपनि अझै पनि निर्वाहमुखी कृषकलाई प्रत्यक्ष लाभान्वित हुने गरीका कार्यक्रम सञ्चालन गर्न सकिरहेको छैन । सरकारले सञ्चालन गरेको कार्यक्रमबाट अहिले अर्धव्यवसायिक कृषक मात्र बढी लाभान्वित हुने गरेका छन् । अर्थात् जो किसान सवल हुने बाटोमा छन् त्यस्ता कृषकले मात्रै सरकारी अनुदान पाउने गरेका छन् । तर, पहुँच नभएका कृषकले अहिले पनि सरकारले उपलब्ध गराउने अनुदानका कार्यक्रममा सोझै सहभागी जनाउन सकिरहेका छैनन् । यस तर्फपनि सरकारको ध्यान जान जरुरी छ ।

### कोशी प्रदेश उद्योग, कृषि तथा सहकारी मन्त्रालयद्वारा झापाका स्थानीय तहमा २०८०/०८१मा सञ्चालित कार्यक्रमहरु

| स्थानीय तह | कार्यक्रम /आयोजना | रकम |
|---|---|---|
| अर्जुनधारा नपा | इनार बोरिङ तथा स्यालो ट्युवेल निर्माण | ५० लाख |
| कनकाई नपा | इनार बोरिङ तथा स्यालो ट्युवेल निर्माण | ३० लाख |
| कनकाई नपा | कृषि औजार तथा उपकरण निर्माण | ५ लाख |
| कनकाई नपा | कृषि बजार निर्माण | १ करोड |
| गौरादह नपा | स्यालो ट्युवेल तथा मोटर जडान | ५० लाख |
| गौरादह नपा | कृषि यान्त्रिकीकरण प्रर्वद्धन | ३० लाख |
| गौरादह नपा | कृषि बजार निर्माण | ३० लाख |
| गौरादह नपा | गह्रासुधार तथा चक्लावन्दी खेती प्रर्वद्धन | २० लाख |
| दमक नपा | स्यालो टुयुवेल तथा मोटर जडान | २० लाख |
| भद्रपुर नपा | स्यालो टुयुवेल तथा मोटर जडान | १५ लाख |
| मेचीनगर नपा | स्यालो टुयूवेल तथा मोटर जडान | १५ लाख |
| मेचीनगर नपा | तोरी खेती तथा मौरीपालन | ३० लाख |
| शिवसताक्षी नपा | झिलझिले कृषित हरो निर्माण | १५ लाख |
| शिवसताक्षी नपा | माइधार कृषि बजार अधुरो भवन निर्माण | १० लाख |
| शिवसताक्षी नपा | तोरी खेती प्रर्वद्धन कार्यक्रम | १० लाख |
| शिवसताक्षी नपा | अपूर्ण मंगलवारे कृषि वजार | १० लाख |
| कचनकवल गापा | आर्दश कृषि बजार निर्माण | २५ लाख |
| कमल गापा | नमूना कष्टम ह्वारिङ सेन्टर स्थापना | ६० लाख |
| कमल गापा | प्राङ्गारिक मल उत्पादन पूर्वाधार निर्माण | ३० लाख |
| कमल गापा | क्याम्पा कृषि बजार निर्माण | २० लाख |
| कमल गापा | सोलार सिञ्चाई जडान | २० लाख |
| कमल गापा | रंगपुर कृषि वजार निर्माण | १५ लाख |
| गौरीगञ्ज गापा | स्यालो ट्युवेल तथा मोटर जडान | २० लाख |
| झापा गापा | स्यालो ट्युवेल तथा मोटर जडान | ५० लाख |
| झापा गापा | अधुरो कृषि बजार निर्माण | १५ लाख |
| बाह्रदशी गापा | स्यालो ट्युवेल जडान | २० लाख |
| बाह्रदशी गापा | बुट्टावारी कृषि वजार निर्माण | ३५ लाख |
| बुद्धशान्ति गापा | कृषि यान्त्रिकीकरण कार्यक्रम | २० लाख |
| बुद्धशान्ति गापा | गोलटार पैनी सिञ्चाई योजना | १० लाख |
| बुद्धशान्ति गापा | तोरी खेती प्रर्वद्धन | २० लाख |
| बुद्धशान्ति गापा | एक्लेवर तरकारी संकलन केन्द्र निर्माण | २० लाख |

## हत्या ...

समेत ३ जनाले कुटपिट गर्दा गम्भीर घाइते भएका ताइछुहाङको घोपा अस्पताल हुँदै न्यूरो अस्पताल बिराटनगरमा बुधबार थप उपचारको क्रममा मृत्यु भएको हो ।

## नीति ...

व्यवसायीकरण, पर्यटन, वन तथा वातावरण संरक्षण, पूर्वाधार र औद्योगिक विकास, निजी क्षेत्रको प्रवर्द्धन प्रदेश सरकारको प्रमुख प्राथमिकताको विषय भएको चर्चा गर्दै स्वास्थ्य सेवा तथा सामाजिक विकास, कानूनी शासन र विपद् व्यवस्थापन, रोजगारी प्रवर्द्धन तथा गरिबी निवारण, सार्वजनिक वित्तीय व्यवस्थापन र सार्वजनिक सेवा प्रवाह र सुशासनलगायत विषयम प्राथमिकतामा परेका बताए ।

मुख्यमन्त्री कार्कीले प्रदेशको प्रथम आवधिक योजनाको समीक्षा गर्दै 'स्वच्छ, सुखी र समुन्नत प्रदेश निर्माण गर्ने' लक्ष्यका साथ दोस्रो आवधिक योजना तर्जुमा सम्पन्न गरी आगामी आर्थिक वर्षदेखि योजनाबद्धरुपमा कार्यान्वयन गरिने बताए । उनले नीति तथा कार्यक्रममाथि छलफलका क्रममा आएका सुझाव, धारणा र विचारलाई अनुशरण गरिने बताए ।

मुख्यमन्त्री कार्कीले २०८२ साललाई पर्यटन वर्षको रुपमा मनाउने जानकारी दिँदै सीमित साधन र स्रोतको बाबजुद पनि प्रदेशका जनताका आवश्यकता र चाहना पूरा गर्न क्रियाशील रहेको बताए । मुख्यमन्त्री कार्कीले प्रविधिमैत्री यातायात सेवा सञ्चालन गर्ने, सहुलियत कर्जा व्यवस्थापन गरी उद्यमशीलता र रोजगारी सिर्जना गर्न सरकारले अग्रगामी कदम चाल्ने उल्लेख गर्दै स्रोतको पहिचान र व्यवस्थापनमा गम्भीर हुने धारणा राखेका थिए ।

नीति तथा कार्यक्रममा कोशी प्रदेशसभा सदस्य गोम्बू शेर्पा, निर्मला लिम्बू र राजन किराँतीले राखेको संशोधन प्रस्तावका आवश्यक बुँदा मुख्यमन्त्री कार्कीले स्वीकार गरी बजेटमा समावेश गर्ने प्रतिबद्धता जनाएपछि उनीहरुले संशोधनको प्रस्ताव फिर्ता लिएका थिए । प्रदेशसभाको अर्को बैठक आगामी असार १ गते अपरान्ह ३ बजे बस्नेछ ।

## नरेन्द्र ..

मोदीले सामाजिक सञ्जाल 'एक्स'मा लेखेका छन्- न्यानो शुभकामनाको लागि उहाँलाई धन्यवाद व्यक्त गरें । भारत र नेपालबीचको गहिरो र बहुआयामिक साझेदारीलाई सुदृढ गर्ने हाम्रो साझा प्रतिबद्धतामाथि जोड दिँदै हाम्रो सम्बन्धमा सकारात्मक गति कायम राख्ने कुरामा सहमत भयौं ।

**दाहाल कहिले दिल्ली जालान् ?**

नेपालको परराष्ट्र मन्त्रालयका एक अधिकारीले पनि शपथ ग्रहणमा प्रधानमन्त्रीको सहभागिताबारे छलफल चलेको बताए । प्रधानमन्त्री कार्यालयका एक अधिकारीले बिहीवार अपरान्ह बस्ने मन्त्रिपरिषद्को बैठकले मोदीको आमन्त्रणलाई स्वीकार गर्नेबारे निर्णय लिने बताए । उनका अनुसार प्रधानमन्त्री दाहाल शुक्रवार दिल्लीका लागि प्रस्थान गर्ने सम्भावना छ । प्रधानमन्त्री मोदीले यसपटक बंगलादेश, श्रीलङ्का, भुटान, नेपाल र मोरिससका नेताहरूलाई आफ्नो शपथग्रहणमा निम्तो दिन लागेको भारतीय सञ्चारमाध्यमहरूले जनाएका छन् ।

शपथ ग्रहण समारोहका लागि औपचारिक निम्तो सम्बन्धित देशका परराष्ट्र मन्त्रालय हुँदै बिहीबार नै पठाइने ती खबरहरूमा जनाइएको छ । श्रीलङ्काका प्रधानमन्त्रीको कार्यालयको सञ्चार हेर्ने निकायले उनी उक्त समारोहमा भाग लिने पुष्टि गरेको विवरण आएका छन् ।

## झापामा ...

सय ४९ घरका १० हजार तीन सय ४५ जना विस्थापित हुने सम्भावना छ ।

मेची नदीबाट मेचीनगर, भद्रपुर नगरपालिका र कचनकवलका एक हजार ९० घरका पाँच हजार १४ र विरीङ नदीबाट कनकाई, बाह्रदशी, कचनकवल, झापा, अर्जुनधारा र बुद्धशान्ति पालिकाका दुई हजार एक सय १५ घरका नौ हजार सात सय २९ जना बिस्थापित हुने सम्भावना छ । यसैगरी, रतुवा नदीबाट दमक, कमल, गौरादह र गौरीगञ्जका एक हजार तीन सय ३० घर, कमल र बनियानीबाट गौरीगञ्ज, शिवसताक्षी र कमलका एक हजार १५ घर, निन्दाबाट मेचीनगरका एक सय ५०, हडिया नदीबाट बुद्धशान्ति र मेचीनगरका तीन सय ५० घर, टाङटिङबाट अर्जुनधाराका दुई सय ५० घर र देउनियाँ नदीबाट भद्रपुर र हल्दिबारीका चार सय ४५ घर विस्थापित हुन सक्ने प्रक्षेपण गरिएको समितिका अध्यक्ष एवम् प्रजिअ बाँस्तोलाले जानकारी दिए ।

अर्जुनधारा नगरपालिका
शनिश्चरे अस्पताल
शनिश्चरे, झापा
कोशी प्रदेश, नेपाल

सूचना प्रकाशित मितिः २०८१।०२।२५

# बोलपत्र प्रस्ताव स्वीकृतिको आशयपत्रको सूचना

यस कार्यालयको विभिन्न मितिमा प्रकाशित सूचना अनुसार पेश हुन आएका प्रस्तावहरुमध्ये न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई तपसिल बमोजिमको प्रस्ताव छनौट गर्ने निर्णय भएको हुनाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । छनौट प्रस्ताव विरुद्ध सूचना प्रकाशित मितिले ७ दिनभित्र कुनै प्रस्तावदाताको उजुरी निवेदन पर्न नआएमा उक्त प्रस्ताव छनौट भएको मानी स्वीकृत गरिनेछ ।

तपशिल

| S.N | Contract No. | Description of Works | Name and Address of Successful Bidders | Accepted Bid Amount (NRs) WithVAT |
|---|---|---|---|---|
| 1 | AM/NCB/ GOODS/ 05-080/81 | Procurement of Surgical Instruments for Sanischare Hospital, Arjundhara Municipality | SHREE SURGICALPAURASH MARG RANGELI ROAD BIRATNAGAR srisurgicalbiratnagar @gmail.com phone: 9852022929 | 2389147.7 |

## महत्वपूर्ण कागजात हराएको सूचना

मिति २०८१ बैशाख २० गते झापा मेचीनगरको धुलाबारीबाट खुट्टीडाँगी जाने क्रममा मेरो निम्न विवरण भएको state of Qatar Residency permit हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरी बुझाई दिनुहुन अनुरोध गर्दछु ।

नामः सुमन किसान (Suman Kishan)
ID NO: 29952407903
Passport NO: 09956426
Serial No: 30429952407903
Mob No: 9706290056
ठेगानाः मेचीनगर-९, झापा

## विहानको समय रोजगारीको अवसर

तपाई विहान ६ बजेदेखि ७ बजे एक घण्टाको समय फुर्सद हुनुहुन्छ ? यदि हुनुहुन्छ भने हामी तपाईलाई पत्रिका वितरण गर्ने काम दिन्छौं ।

- पत्रिका वितरण गर्ने क्षेत्र : शनिश्चरे बजार आसपास ।
- अनिवार्य आफ्नै साइकल भएको हुनु पर्ने छ ।
- साथै शनिश्चरे आसपास क्षेत्रको वासिन्दा हुनु पर्ने छ ।
- दिउँसो स्कूल पढ्नेहरूले समेत काम गर्न सक्नेछन् ।

सम्पर्क : ९८१६९८१०१७ / ९८४२६३४७४०

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

## सम्पादकीय

# भारतको निर्वाचन र मोदीको पुनरागमन !

**नेपालको अत्यन्त नजिकको र पुरानो कुटनीतिक सम्बन्ध भएको देश भारतमा हालै सम्पन्न आमनिर्वाचनबाट नरेन्द्र मोदी नेतृत्वको दललाई सरकारको नेतृत्व गर्ने अवसर प्राप्त भएको छ । आफ्नो दललाई स्पष्ट बहुमत प्राप्त नभए पनि चुनावी गठबन्धनले भने सरकार बनाउन आवश्यक बहुमत पुगेकाले गठबन्धनको एनडीएका तर्फबाट मोदी तेस्रो कार्यकालका लागि प्रधानमन्त्री हुने पक्का भएको हो । आत्रामक रुपले चुनावी मैदानमा ओर्लिएका मोदीको भारतीय जनता पार्टीले २४० स्थान मै चित्त बुझाउनु पर्‍यो भने गठबन्धनका अन्य दलले ५३ सिटमा जित हासिल गरेका छन् । यस हिसाबले सरकार बनाउन आवश्यक २७२ गठबन्धनमा सहजै पूरा हुने भएपछि मोदीको तेस्रो पटकको सत्ता यात्रा तय भएको हो ।**


**मोदीको कार्यकालमा भारतले विश्व जगतमा आफूलाई निकै माथि पुर्‍याएको छ । आर्थिक तथा सैन्य शक्तिमा समेत ठूलो फड्को मारेको मोदीको व्यक्तित्व आन्तरिक निर्वाचनमा भने त्यति फलदायी नभएको परिणामले देखाएको छ । मोदीमय बनाउने निर्वाचन अभियान पार्टीका अन्य घटकहरुका बीचको अन्तरबिरोध र असमझदारीले प्रभावित भएको टिप्पणी हुन थालेको छ । भाजपाको उर्वर भूमि मानिएको उत्तर प्रदेश मोदी कै लागि घातक बन्न पुग्यो । विश्वव्यापी चर्चा कमाएको राम मन्दिरको निर्माण र उद्घाटन मोदीका लागि फलदायी हुन सकेन । यसका पछि त्यहाँ रहेको गरिबी, अशिक्षा र वेरोजगारी नै मुख्य कारक रहेको एकथरीको विश्लेषण छ ।**

**तेस्रो पटक प्रधानमन्त्री बन्न लागेका मोदीले अख्तियार गर्ने आन्तरिक तथा वैदेशिक नीतिप्रति अब सबैको ध्यान केन्द्रित हुन थालेको छ । यसपटक मोदीले सदनमा सशक्त प्रतिपक्षको सामना गर्नुपर्नेछ । मोदीको पुनरागमन विश्व शक्तिका रुपमा उदाएको चीनका लागि समेत टाउको दुखाइ बन्न सक्ने एकथरीको आंकलन छ भने मोदीले सन्तुलित विदेश नीति अख्तियार गर्नुपर्ने अवस्था छ । विश्वको तेस्रो ठूलो अर्थतन्त्र भएको देश भारतलाई तीव्र विकासको अवस्थामा पुर्‍याउन सम्भावनाका ढोका र उपायहरुलाई ठीक ढंगबाट उपयोग गर्न उनी सचेत हुनुपर्छ । नत्र भने आगामी निर्वाचनमा उनीसँगै उनको दलले पनि पराजयकै ढोका खोलेर बाहिर निस्कनुपर्ने हुन सक्छ ।**

# महामारीका रुपमा फैलिँदैछ तनाव



**एलपी भानु शर्मा**



विश्वका अनेक प्राणीहरु मध्ये मानव जाति चेतनशील र सामाजिक प्राणी भए पनि यसभित्र उत्पन्न हुने तनावले सबैभन्दा बढी समस्याग्रस्त बन्दै गएको छ। तनावले मानसिक स्वास्थ्यसँगै शारीरिक स्वास्थ्यमा पनि निकै असर गर्दछ। समयमा तनाव व्यस्थापन नगर्नाले हाम्रा दैनिक जीवनमा धेरै असहज अवस्था आउन सक्छ। तनाव विश्वकै ठूलो महामारीका रुपमा लिने गरिएको छ। मानिसलाई जस्तोसुकै रोगहरु पनि लाग्न सक्छ, त्यसको समयमै उपचार हुन सके निको पनि हुन्छ। तर, तनाव आएपछि सजिलैसँग त्यसबाट मुक्ति पाउन सकिँदैन।

विश्व स्वास्थ्य सङ्गठनले तनावलाई जटिल स्वास्थ्य समस्याका रुपमा लिएको छ। तनावमा रहेको व्यक्तिले न राम्ररी सोच्न सक्छ, न बोल्न नै। यसका कारण उसको अरू व्यक्तिसँगको सम्बन्ध पनि बिग्रँदै जान्छ। त्यसैले अहिले मानिसको सबैभन्दा ठूलो समस्या भनेकै तनाव हो। मानिसको शरीरमा लाग्ने रोगको ७० देखि ९० प्रतिशत रोगहरु तनावकै कारण लाग्ने गर्दछ। तनावकै कारण स-साना व्यक्तिगत समस्यादेखि विश्वमा ठूला-ठूला युद्ध, आतङ्कवादी घटनाहरु हुने गरेका छन्। तनावको समस्या पहिल्याउनु नै अहिलेको मुख्य चुनौति बनेको छ।

पश्चिमा देशहरुले तनाव व्यवस्थापनका लागि थुप्रै कार्यक्रम ल्याएका छन्। अमेरिकामा कुनै एउटै संस्थाले चालिस वर्षको बजेट बराबर खर्च गर्ने नभएर कूल तनाव व्यवस्थापनमा निजी क्षेत्रले गर्ने रकम नेपालको बजेटको ४० गुणाभन्दा बढी हुन्छ, तर परिणाम शून्य छ। त्यसैले तनाव व्यवस्थापन खर्चिलो मात्र नभई समस्याको निदान नहुने भएकाले यसबाट पहिले नै सतर्क हुन आवश्यक छ। मानिसले आफ्नो दैनिक बानीमा केही परिवर्तन गर्नाले तनाव कम गर्न मद्दत पुग्न सक्छ।

**तनावका मुख्य कारण**

आज हरेक व्यक्ति कुनै न कुनै तनावबाट ग्रस्त छ। तनावको मूल कारण जीवनमा जुन परिवर्तन आएको छ, त्यसलाई आत्मसात् गर्न नसक्नु हो। समय क्षणक्षणमा बदलिएको छ, तर हामी पुरानो सोच र आग्रहबाट ग्रसित छौँ। जसले गर्दा तनाव सृजना हुने गर्दछ। मानव जीवनको मूल लक्ष्य भनेकै खुशी हुनु हो। खुशी हुन नसक्नु तनावमा जानु हो।

धेरै डिजिटल उपकरणहरूको प्रयोग गर्नु, निरन्तर रक्सी पिउनु, धेरै क्याफिन उपभोग गर्नुले पनि मानिसको जीवनमा थप तनाव ल्याउने गर्दछ। अर्को कुरा मानिसले समयको सही सदुपयोग गर्न नसक्दा पनि तनाव सृजना हुने गर्दछ। अर्काको इर्ष्याले पनि तनाव सृजना गर्दछ। मानिसमा इर्ष्या भावले गर्दा सम्बन्धमा दरार आउने गरेको छ। इर्ष्यामा अरुलाई दबाउन खोजिन्छ। अरुभन्दा धनी कसरी बन्ने, म नै राम्रो हुँ भन्ने भाव बढ्नु उपभोक्तावादी र प्रतिस्पर्धात्मक संस्कारको उपज हो।

**तनाव व्यवस्थापनका उपाय**

तनाव व्यवस्थापन गर्ने एउटा राम्रो उपाय भनेको अध्यात्म हो। अध्यात्मलाई ध्यान र योगसँग जोड्न सकिन्छ। जीवनमा आएका चुनौतीहरुको समाधान गर्न सक्ने क्षमता घट्न गएमा तनाव हुने गर्दछ। जस्तो भनौँ कि कुनै चुनौती हाम्रा अगाडि आयो, त्यसलाई एक सय अङ्क दियौँ। त्यो चुनौतीको सामना गर्न सक्ने हामीसँग ४० बराबरको क्षमता छ भने नपुग ६० अङ्क भनेको तनाव हो। त्यसैले ६० अङ्कलाई घटाउन हाम्रो क्षमतालाई बढाउँदै लैजानुपर्छ।

जति मात्रामा बढाउँदै लैजान सकिन्छ, तनाव त्यति नै घट्दै जान्छ। परिस्थितिलाई बदल्न सकिँदैन, तर मनस्थितिलाई बदल्न सकिन्छ। जीवनमा चुनौतीहरु आइरहन्छन्, त्यसलाई तनावका रुपमा लिने होइन, त्यसको समाधानका लागि हामीले हामीभित्र रहेको क्षमतालाई बढाउँदै लैजानुपर्छ। म गर्न सक्छु भन्ने आत्मविश्वास जागृत भएमा जस्तोसुकै चुनौती पनि सजिलै समाधान गर्न सकिन्छ। त्यसलै मानिसभित्र जीवनको बोध हुनुपर्छ। शरीर, मन र चेतनालाई दुरुस्त राख्नुपर्छ। शरीरलाई ऊर्जाशील र स्वस्थ बनाइराख्नुपर्छ।

मानिसको शरीरमा इन्डोर्फिन रस नामक हर्मोन जन्मन्छ, यो जति बढी भयो, तनाव कम हुँदै जान्छ। हरेक दिन आधा घण्टा मात्रै व्यायाम गर्‍यो भने पनि त्यस्तो हर्मोन बढ्न जान्छ र मानिस तनावमुक्त हुन्छ। त्यस्तै मनमा भएका तनाव हटाउन हरेक दिन गरिने प्राणायाम एउटा प्रभावकारी विधि हुनसक्छ। यसमा नमस्कार विधि निकै प्रभावकारी देखिएको छ। यो विधि हाम्रा ऋषिमुनिहरुले हजारौँ वर्षदेखि अभ्यास गर्दै आएका छन्।

त्यसैगरी ध्यानले पनि तनावलाई जरोदेखि नै उखेल्न मद्दत गर्दछ। त्यस बाहेक जीवनमा मैले जित्नैपर्छ भन्ने भावनालाई पनि त्याग्नुपर्छ। हारलाई सहज रुपमा स्वीकार गर्ने व्यक्ति सधैँ तनावमुक्त रहन्छ। यसलाई हारले हराउन सक्दैन, बरु जित्नका लागि थप बद पुग्दछ। त्यसलै भनिन्छ नि- असफलता नै सफलताको सिँढी चढ्नु हो। किनकि हारले मन मष्तिस्कलाई कमजोर बनाउँदैन। जसरी कुनै खेलाडीले आज खेलमा पराजय भोग्नु परे पनि अरूको सफलतामा रमाउँछ र भोलि विजय हुने अठोट राख्छ।

सम्बन्धमा जहिले पनि लिनु र दिनुभन्दा सकारात्मक सम्बन्ध बनाइराख्न जोड दिनुपर्छ। अरूलाई स्वीकार गर्ने व्यक्तिले मात्रै सम्बध बनाउन सक्छ। आज हाम्रा कार्यालय, अफिसहरुमा यही सम्बन्धको अभाव रहेका कारण आपसमा द्वन्द्व, बेमेल र अविश्वास झाँगिदो छ। अहिले हरेक व्यक्ति वा कार्यालयका प्रमुखहरुले आर्थिक मन्दीलाई मुख्य समस्या देखाउने गरेका छन्। वास्तवमा त्यो भन्नु आफूले आफ्नो क्षमतालाई बढाउनेतर्फ बेवास्ता गर्नु हो। आफू र आफ्ना मातहतका कर्मचारीहरुलाई कम्तीमा तीन महिनामा एक पटक तनावमुक्त गर्ने तालिम दिन सकिएमा प्रतिफल राम्रो आउनेछ।

मानव संशाधनमा लगानी गर्नु भनेको क्षमतामा लगानी गर्नु हो। अब कार्यालयहरु मै ध्यान, प्राणायाम गर्ने व्यवस्था मिलाउनुपर्ने हुन्छ। ध्यानले अल्पकालीन तनावबाट राहतका साथै दिगो तनाव व्यवस्थापनका फाइदाहरु ल्याउँछ भने योगले शारीरिक ध्यान, हल्का व्यायाम र नियन्त्रित श्वास फेर्ने प्रक्रियालाई संयोजन गर्छ। योगले तनावको दीर्घकालीन व्यवस्थापनमा सहयोग गर्छ। योगले विभिन्न प्रकारका शारीरिक, मनोवैज्ञानिक र आध्यात्मिक लाभहरू प्रदान गर्छ।

त्यस्तै स्वस्थ आहारले लामो समयसम्म तनावसँग लड्न मद्दत गर्न सक्छ। काम गर्ने भनेको मानिसले हो, यसलाई नै स्वस्थ बनाउन सकिएन भने कुनै सकारात्मक परिणाम आउन सक्दैन। शारीरिक गतिविधि तनाव व्यवस्थापन र मानसिक स्वास्थ्य सुधार गर्नका लागि महत्वपूर्ण छ। तनाव व्यवस्थापन गर्न हिँड्ने, जिम जाने, पौडी खेल्ने जस्ता शारीरिक व्यायाम गर्न सकिन्छ। सवारी साधान चढ्ने व्यक्तिले पनि सम्भव भएसम्म हप्तामा एक वा दुई दिन मात्रै भए पनि हिँडेर घर कार्यालय आउजाउ गरेमा घर वा कार्यालयको तनाव धेरै नै कम हुन सक्छ।

समय व्यवस्थापन अर्थात् समयभित्र आफू व्यवस्थित रहनु भनेको समस्या आउन नदिनु हो। समय व्यवस्थापनका लागि हरेक दिन बिहान योजना बनाएर काम गर्नुपर्छ। योजनासँगै लक्ष्य राख्नुपर्छ भने आफ्नो काम सम्पन्न गर्नका लागि ध्यान दिनुपर्छ। कुनै गाह्रो काम भए त्यसलाई पन्छाएर नभई पहिले नै गरेर सक्नुपर्छ। अनावश्यक रुपमा समयलाई बर्बाद हुन दिनुहुन्न। समयको सदुपयोगले तनावलाई रोक्न मद्दत गर्छ। हरेक व्यक्ति ब्रह्माण्ड हो, यसको जन्म अरूलाई हराउन होइन, जिताउन सक्छु भन्नेमा यसको ध्यान जानु पर्दछ। आफूभित्रकै क्षमता जागृत गरी प्रत्येक व्यक्तिले प्रगति गर्न सक्छ। कसैसँग प्रतिस्पर्धा गरिरहनु नै पर्दैन। इर्ष्या, वैमनष्य नराखी आफ्नो क्षमता उपयोग गर्न सकिएमा तनाव स्वतः कम हुन्छ।

*(जीवन विकास विशेषज्ञ शर्मासँग गरिएको कुराकानीमा आधारित)*

# एक्सेल बैंकले गर्‍यो वृक्षरोपण

**बिर्तामोड, जेठ २४।** विश्व वातावरण दिवसको अवसरमा एक्सेल डेभलपमेन्ट बैंकले वृक्षरोपण कार्यक्रम सम्पन्न गरेको छ।

'हाम्रो भूमि हाम्रो भविष्य' भन्ने मूल नाराको साथ एक्सेल डेभलपमेन्ट बैंक लि.द्वारा झापाका हल्दीबारी गाँउपालिका, भेलागढी सिमसार क्षेत्रमा वृक्षरोपण कार्यक्रम सम्पन्न गरेको हो। कार्यक्रममा वन उपभोक्ता समितिका पदाधिकारीहरु, बैंकका नायव प्रमुख कार्यकारी अधिकृत लेखराज कार्की,




सहायक महाप्रबन्धक अशोक क्षेत्रीका साथै कर्मचारी तथा स्थानीय समुदायका सदस्यहरुको सक्रिय सहभागिता रहेको थियो।

बैंकका मार्केटिङ विभागका कर्मचारी गजेन्द्र ढकालले जलवायु परिवर्तनको असर र प्रभावको कारण गिर्दै गएको वातावरणलाई संरक्षण गर्नको लागि अत्यन्तै महत्वपूर्ण रहेको वृक्षरोपण कार्यक्रम सफल पार्न भेलागढी सामुदायिक वन उपभोक्ता समूहका साथै स्थानीयले गरेको सहयोगको सराहना रहेको बताए।

सामाजिक उत्तरदायित्वका कार्यक्रम अन्तर्गत बैंकले यस्ता कार्यक्रम जारी राख्ने बताइएको छ। वन उपभोक्ता समूहका अध्यक्ष पुण्य लम्साल तथा सचिव खगेन्द्र राजवंशीले पर्यावरण अभिवृद्धि तथा सिमसार क्षेत्रको सहयोगको लागि एक्सेल डेभलपमेन्ट बैंकलाई धन्यवाद दिए। कार्यक्रममा ५० वटाभन्दा बढी शिरिषका बिरुवाहरु रोपिएको थियो।

# अपाङ्गताको सहारा बन्दै माई नगरपालिका

**इलाम, जेठ २४।** माई नगरपालिका अपाङ्गता भएका व्यक्तिको सहारा बन्दै गएको छ। अपाङ्गता भएका व्यक्ति र संरक्षक परिवारका लागि नगरपालिका सहारा बन्दै गएको हो।

अपाङ्गता भएका व्यक्तिहरुको जीवन कष्टकर र कहाली लाग्दो हुने भन्दै माई नगरपालिकाले 'अपाङ्गता भएका व्यक्तिहरुका लागि मनोपरामर्श तथा स्वास्थ्य परीक्षण कार्यक्रम एवम् अपाङ्गता भएका व्यक्तिहरुसँग हेरचाह सम्बन्धी अभिभावक अभिमुखीकरण कार्यक्रम' सञ्चालन गरेको हो।

नगरपालिकाले चालू आर्थिक वर्षमा यो कार्यक्रम माई नगरपालिका वडा नम्बर ३ बाट शुरु गरेको छ। माई नगरपालिकाले सञ्चालन गरेको कार्यक्रम अन्तर्गत अपाङ्गता भएका व्यक्तिहरुका लागि हेरचाहमा विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको हो। जेठ २१ गतेबाट जेठ २४ सम्ममा वडा नम्बर ३ भित्रका ४० जना अपाङ्गता भएका व्यक्ति र परिवारसँग भेटघाट गरिएको माई नगरपालिका महिला, बालबालिका शाखा प्रमुख बन्दना लुइँटेलले जानकारी दिए।

कार्यक्रममा सबै अपाङ्गता भएका व्यक्तिहरुको घर-घरमा स्वास्थ्य परीक्षण, सामाजिक सुरक्षामा पहुँच, अपाङ्गता परिचयपत्र अध्यावधिक अवस्था, स्वास्थ्य बीमाको प्रभावकारिता तथा मनोसामाजिक समस्या, अवस्था र निराकरणमा जानकारी संकलन तथा सहजीकरण साथै सहयोगी सामग्री वितरण लगायतका कार्य सम्पन्न गरेको थियो।

घरदैलो कार्यक्रमलाई आगामी वर्ष अन्य वडामा




समेत सञ्चालन गर्ने शाखाकी सीता भट्टराई दहालले बताइन्। घरदैलो कार्यक्रममा कार्यपालिका सदस्य दलबहादुर शंकर, महिला तथा बालबालिका शाखाकी बन्दना लुइँटेल, सीता भट्टराई दहाल, स्वास्थ्यकर्मी बबिता लुइँटेल, प्रदिप शर्मा, वीरेन्द्र शाही, मनोपरामर्शदाताहरु सम्झना खड्का, विमल दहाल, कर्मचारी सरोज कडे, स्वास्थ्य स्ययम्सेविकाहरु लगायतको सहभागिता रहेको थियो।

अपाङ्गता भएका व्यक्तिकहरुका लागि नगरले प्राथमिकता राखेर कार्य गर्ने माई नगरपालिका प्रमुख प्रशासकीय अधिकृत महेन्द्र विश्वकर्माले बताए। विगत बर्षदेखि नै हेरचाहका लागि उत्प्रेरणा कार्यक्रम अन्तर्गत अपाङ्गता भएका व्यक्तिहरुलाई सहायक सामग्री प्रदान, सिपमूलक तालिम, स्वास्थ्य उपचार सहयोग, निःशुल्क स्वास्थ्य बीमा, पोषण सहयोग, बिऊ पुँजी अनुदान लगायत कार्यक्रम नगरपालिकाले सञ्चालन गर्दै आएको छ।

यसैबीच माई नगरपालिकाको आर्थिक सहयोग र वडास्तरीय अपाङ्गता स्वावलम्वन समूह वडा नम्बर ३ को आयोजनामा अपाङ्गता भएका व्यक्ति र संरक्षकका लागि तीन दिने कपुरको धुप बनाउने तालिम सञ्चालन गरेको छ। तालिममा ३० जना अपाङ्गता भएका व्यक्ति र संरक्षकको सहभागिता रहेको समूहका अध्यक्ष चन्द्रादेवी बस्नेतले बताइन्।

# उदघोषण तथा माइन्युट लेखन तालिम

**बिर्तामोड, जेठ २४।** बिर्तामोड नगरपालिका वडा नं. १०मा उदघोषण, माइन्युट लेखन तथा फरदर करियर सम्बन्धी तालिम शुरु भएको छ।

बिर्तामोड नगरपालिका वडा नं. १० को आर्थिक सहयोग र नारी सञ्चार गृह झापाको आयोजनामा एसईई र कक्षा १२को परीक्षा दिएर बसेका बिधार्थी लक्षित गरी शुरु भएको कार्यक्रमको बिर्तामोड नगरपालिका वडा नं. १० का अध्यक्ष दूर्योधन गुरुङले उद्घाटन गरे।

उद्घाटन कार्यक्रम बोल्दै अध्यक्ष गुरुङले बिद्यार्थीलाई मनबाटै सिक्न आग्रह गरे। तालिमको समय अवधिको बीच-बीचमा आफ्नो निगरानी रहने भन्दै उनले सिकेका अनुभवलाई आफूले हेर्ने बताए।

वडासदस्य पृथ्वी बस्नेतले सहभागी भाई बहिनीहरुलाई नबुझेका कुरा प्रशिक्षकलाई सोध्न अनुरोध गर्दै अन्तरक्रियात्मक ढंगले तालिम अगाडि बढाउन सुझाव दिए।

त्यसतै महेन्द्र ज्योति माध्यमिक विद्यालयका सहायक प्रधानाध्यापक भवानी शिवाकोटीले तालिम फलदायी



र उपलब्धि मुलक बनोस् भन्ने शुभकामना व्यक्त गरे।

नारी सञ्चार गृह झापाकी अध्यक्ष रेजिना गौतमको अध्यक्षता रहेको कार्यक्रममा संयोजक सञ्जु शिवाकोटीले स्वागत तथा नारी सञ्चार गृह झापाकी पूर्वअध्यक्ष अम्बिका भण्डारी औचित्यमाथि प्रकाश पारेकी थिइन्।

सञ्चार गृहकी कार्य समिति सदस्यद्वय सञ्जु शिवाकोटी र टीका पोखरेलको संयोजनमा सञ्चालित तिन दिवसीय तालिमको पहिलो दिन हिमालय मल्टीपल क्यामपस धुलाबारीका सहायक प्रधानाध्यापक (टप मास्टर) सागर शिवाकोटीले 'फरदर करियर' सम्बन्धी प्रशिक्षण दिएको संयोजक पोखरेलले जानकारी दिइन्।

सहसचिव जोश्ना श्रेष्ठले सञ्चालन गरेकी उद्घाटन कार्यक्रमको अतिथिहरुमा बिर्तामोड वडा नं. १० का वडा सदस्य पृथ्वी बस्नेत, धनमाया श्रेष्ठ, सचिव दुर्गा अधिकारी, महेन्द्र ज्योति माविका सहायक प्रधानाध्यापक भवानी शिवाकोटी, लेखा प्रमुख पुष्कर घिमिरे लगायत टोल विकास संस्थाका प्रतिनिधिहरू रहेका थिए।

# हिमाली जिल्लामा पहुँच बढाउँदै प्रदेश सरकार



आनन्द गौतम

पाँचथरसँगको सिमाना कावेलीदेखि ताप्लेजुङ सदरमुकाम फुङलिङ हुँदै सुकेटार विमानस्थलसम्मको ३१ किलोमिटर बाहेकको क्षेत्रमा कालोपत्रे सडक देख्न जिल्लावासीले १२ वर्ष पर्खनुपऱ्यो । जिल्लाका सवै ६१ वडामा सडकको पहुँच पुग्दा पनि कावेली-सुकेटार बाहेक कालोपत्रे सडक विस्तार हुन सकेको थिएन ।

२०४६ सालको राजनीतिक परिवर्तनपछि सम्पन्न भएका संसदीय निर्वाचनमा लगातार जीत हासिल गरेको पार्टी नेकपा एमालेविरुद्धको चुनावी मुद्दा पनि यो क्षेत्रको कालोपत्रे सडक नै बनेको थियो । एमालेले संसदीय निर्वाचनमा निरन्तर २५ वर्ष जितेको भन्दै हीरक महोत्सव मनाइरहँदा लगातार जितेर पनि आफ्नो निर्वाचन क्षेत्रमा एकफुट कालोपत्रे सडक निर्माण नगरेको भन्दै नागरिकले आवाज उठाएका थिए ।

मुलुक संघीय संरचनामा गइसकेपछि भने प्रादेशिक सरकारको पहलमा हिमाली जिल्लाका दुर्गम गाउँ-बस्तीका बासिन्दालाई सहज हुने गरी विभिन्न योजना सञ्चालन भएका छन् । कतिपय पुराना योजनालाई पूर्णता दिने खालका काम भएका छन् भने कतिपय नयाँ योजना कार्यान्वयनमा आएका छन् ।

खासगरी, सडकलगायतका पूर्वाधार, स्वास्थ्य, कृषि, शिक्षालगायत क्षेत्रमा प्रदेश सरकारले ध्यान दिंदै आएको छ । जिल्लाबाट प्रतिनिधित्व गर्ने प्रदेशसभा सदस्यहरु आफ्नो क्षेत्र र समग्र जिल्लाको विकास अनि नागरिकको सहजताका लागि योजना पार्ने र बजेट विनियोजन गराउने काममा सक्रिय देखिन्छन् ।

अहिले कोशी प्रदेश सरकारले आठराई त्रिवेणी गाउँपालिका-४ चूगेदेखि गोर्जा हुँदै संखुवासभाको गुफापोखरी जोड्ने सडक कालोपत्रेको काम शुरु गरेको छ । चाँगे जन्मस्थल भएका टंक आङ्वोहाङले आफू अर्थमन्त्री हुँदा 'एक निर्वाचन क्षेत्र एक बहुवर्षे योजना' को अवधारणा ल्याएका थिए । त्यहीं अवधारणा अनुसार ४० करोड रुपैयाँको लागतमा ७ किलोमिटर सडक कालोपत्रेको काम शुरु भएको हो । यो प्रक्रियाले गति पाउँदा ताप्लेजुङको प्रदेशसभा निर्वाचन क्षेत्र 'ख' मा पहिलोपटक सडक कालोपत्रको काम भएको छ ।

छिमेकी देश चीनको तिब्बत जाँदा या फर्कंदा गन्तब्यमा पुग्न नसकी रात परे हिउँ वा वर्षाका कारण दुर्गम भेग ओलाङचुङ्गोला र याङ्माका वासिन्दाले बास बस्नका लागि ओडार खोज्नुपर्थ्यो । चौंरीको गोठ पाल्नेहरुले गोठ बटुल्ने क्रममा हिउँले रुझाएर ओडारमै दिनरात कटाउनुपर्ने वाध्यता पनि हुन्थ्यो ।

चीनले दिएका सहयोग सामग्री होस् व नेपालवाट पठाइएका खाद्य लगायतका सामग्री प्लाष्टिक ओढाएर चिसो भुईंमा राख्नुपर्ने बाध्यता थियो । यसरी राख्दा कतिपय सामग्री बिग्रिएर उपयोगविहीन भएका उदाहरण सीमावर्ती क्षेत्रका वासिन्दाका लागि प्रशस्तै छन् ।

कोशी प्रदेश सरकार अन्तर्गतको पर्यटन मन्त्रालयले संरचना निर्माणका लागि २० लाख रुपैयाँ उपलब्ध गराएपछि अहिले भवन निर्माण गरिएको छ । ५२ सय मिटर उचाईमा निर्माण गरिएको यो भवन अहिले उनीहरुका लागि निकै उपयोगी बनेको छ ।

हुन त 'छिमेकीले विशाल भवन बनाउँदा नेपालले सानो टुँसी बनाएको' भन्दै आलोचना पनि भएको छ । तर, आफूहरुका लागि निर्माण सकिएदेखि नै सबैभन्दा बढी उपयोगी भएको दाबी ओलाङ्चुङ्गोलाका नुपु शेर्पाको छ । उनले त्यो भवनमा दिगो रहनेगरी एउटा ग्यास सिलिण्डर, चिया, खाना पकाउने एक सेट भाँडाकुँडा, एक सेट ओढ्ने ओच्छ्याउने न्यानो कपडा उपलब्ध गराउन वडा कार्यालयलाई माग गरेका छन् ।

'खुकुरीको पीर अचानोलाई थाहा हुन्छ भनेजस्तो भएको छ'- ओलाङ्चुङ्गोलाका बासिन्दा भुजुङ शेर्पाले थपे- 'अभर परेको बेला टाउको लुकाउने राम्रो संरचना बनेको छ ।' स्थानीय बासिन्दाका अनुसार तिब्बतमा हुँदा त्यहाँको प्रशासनले कहिलेकाहीं तत्काल आफ्नो देश छोड्न उर्दी गर्ने गरेका थिए । त्यहाँ छोड्नु भनेपछि आनाकानी गर्न पाइँदैन, छोड्नै पर्छ । त्यसरी हिँड्दा बास बस्नका लागि नेपालको मौवाटार पुग्नु पर्छ । त्यहाँ पुग्न बाटो राम्रो भए सिमानाबाट कम्तीमा अढाई, तीन घण्टा लाग्छ । हिउँले सडक छोपेको बेला त सडक छिचोल्नै गाह्रो हुन्छ । त्यस्तो असहज बेलाका लागि यो भवनले राहत मिलेको फुजुङको तर्क छ । आवश्यकता परे सिमानामै बसेरपनि सीमा निगरानी गर्न सकिने उनले बताए ।

चूगेको कालोपत्रे सडक र टिप्ताला भञ्ज्याङमा बनेको भवन मात्रै नभएर प्रदेश सरकारका कतिपय काम उपलब्धिमूलक रहेको नागरिक बताउँछन् । 'मान्छेलाई स्थानीय कि केन्द्र सरकार भन्ने हुँदोरहेछ'- फक्ताङलुङ गाउँपालिका-७ ओलाङ्चुङ्गोलाका वडाध्यक्ष छेतेन शेर्पा लामाले भने- 'तर, प्रदेश सरकारको लगानीमा राम्रा काम पनि भएका छन् ।'

आम नागरिकमा प्रदेश सरकारले गर्ने कामको विषयमा जानकारी नहुँदा एकै समूह वा व्यक्तिले वढी लाभ लिइरहेको अनुभूति आफूले गरेको पनि उनले बताए । नेपाल-चीन द्विदेशीय सीमाना टिप्तालामा बनाइएको भवनले सीमा वारपार गर्नेदेखि गोठ रुङ्नेसम्मलाई राहत मिलेको र यो एउटा उदाहरण भएको छेतेन बताउँछन् ।

प्रदेशको लगानीमा नेपाल नेत्रज्योति संघ डिचेन डोङ्गला आूखा उपचार केन्द्रले दोभानमा तीन तले भवन निर्माण गरेको छ । यसले समग्र निर्बाचन क्षेत्र 'ख' का नागरिकलाई आँखा उपचारमा लाभ पुऱ्याएको छ । यो भवन सञ्चालन र उपयोगिताका लागि प्रदेशका तीनवटा मेरिङदेन, आठराई त्रिवेणी र मैवाखोला गाउँपालिकालाई अनुरोध गरिएको नेत्रज्योति संघका क्लिनिक इञ्चार्ज काजी गुरुङ बताउँछन् ।

आधुनिक भवनले नागरिकको आँखा उपचारमा लाभ पुगेको नेत्रज्योति संघको बुझाई छ । सबै पालिकाका लागि केन्द्रमा भएको र दोभान जिल्लाकै दोस्रो ठूलो व्यापारिक केन्द्र भएकाले यसलाई सबै स्वास्थ्य इकाई केन्द्रीत गर्ने गरीको तयारी गर्न सकिने मेरिङ्देन गाउँपालिका अध्यक्ष युक हांविर हाङगाम बताउँछन् ।

'स्थानीय तहको लगानीमा यस्ता भवन निर्माण गर्न कठिन हुन्छ'- हाङ्गामले भने- 'हाम्रोमा नागरिकका स-साना समस्याहरुको पनि सम्वोधन गर्नुपर्दा यत्तिका बजेट हुँदैन, प्रदेशले गरेको उपलब्धिमूलक काम हो ।' कोशी प्रदेशले फुङलिङ नगरपालिका-७ दोखु किरात चोकमा सामुदायिक भवन, पत्रकार महासंघका भवन निर्माण लगायतका क्षेत्रमा पनि लगानी गरेको प्रदेश सांसदहरु बताउँछन् ।

कार्यक्रमहरु धेरै भए पनि जिल्लामा आफ्नै कार्यालय र संरचना नभएकाले प्रदेश सरकारले गरेका काम जनतालाई देखाउन नसएिको प्रदेश सांसद खगेनसिंह हाङ्गामको गुनासो छ । 'सडक, पूर्वाधार, खानेपानी, सिंचाई लगायतका क्षेत्रमा लगानी भएको छ'- हाङगामले भने- 'ती कार्यक्रमहरु स्थानीय तह मार्फत् गर्दा त्यसको जस पनि उनीहरुले नै लिन्छन्, त्यसैले प्रदेश भनेर जनताले बुझ्न र बुझाउन सकिएको छैन ।'

प्रदेश सरकारको काम बुझाउन नसक्दा कतिपयले प्रदेश खारेज गर्नुपर्छ भनेर आवाज उठाउने गरेको हाङगाम बताउँछन् । उनका अनुसार स्थानीय सरकारका रुपमा पालिकाहरु अनि त्यसमाथि प्रदेश सरकार आफूहरुको आड भरोसा हो भन्ने सबैमा बुझाउनु आवश्यक छ ।

स्थानीय तहसँगको साझेदारीमा पाथीभरा याङ्वरक र सिरिजंगा गाउँपालिका जोड्ने फावाखोलामा मोटरेबल पुल निर्माण गरिएको छ । 'स्थानीय तहसँग साझेदारी हुन्छ, हाम्रोमा कामको जस लिने होड पनि चल्छ, स्थानीय तहका प्रमुखले हामीले नै गरेको भन्नुहुन्छ'- हाङ्गामले थपे- 'प्रदेशको सहयोग हो नभनीदिँदा जनतासम्म चाहिँ प्रदेशको कामको सन्देश नपुग्ने रहेछ ।'

कोशी प्रदेशमा ताप्लेजुङबाट निर्वाचित टंक आङ्वोहाङ अर्थ, प्रताप प्रकाश हाङगाम उद्योग श्रम तथा रोजगार, बलबहादुर साम्सोहाङ सामाजिक विकास, तीलकुमार मेन्याङवो खानेपानी, निर्मला तावा स्वास्थ्य मन्त्री बनिसकेका छन् । फरक-फरक मन्त्रालयको जिम्मेवारी सम्हालेकाले ती मन्त्रालय अन्तर्गतका गतिविधि पनि जिल्लामा भएका छन् ।



'हाङ्गाम उद्योग मन्त्री हुँदा उहाँको मन्त्रालयले पनि सहयोग गऱ्यो र हामीले औद्योगिक मेलाको प्रारम्भ गऱ्यौ'- औद्योगिक मेला आयोजक समितिका सचिव हर्कराज गुरुङले भने- 'यसले उद्यमीहरुलाई प्रोत्साहित र उद्यममा लाग्न प्रेरित गरेको छ ।' प्रदेश सरकारमार्फत् जिल्लाका उद्यमीहरुले उद्यम विकासका लागि आवश्यक परामर्श तथा सहयोग प्राप्त गरेको पनि गुरुङ बताउँछन् ।

संघ र स्थानीय तहले बनाउने बजेटका विषयमा हल्लाखल्ला हुने गरेको छ । आफ्ना नेता, जनप्रतिनिधि मार्फत् संघ र स्थानीय तहमा बजेट माग्नका लागि दौडधुप पनि हुने गर्छ । प्रदेशको बजेटको विषयमा भने समुदाय नै कम जानकार रहेको जनप्रतिनिधिहरु बताउँछन् ।

'म अघिल्लो वर्ष पनि बजेटका लागि गएकी थिएँ, यो वर्ष पूर्वाधार र पर्यटनको क्षेत्रमा बजेट मागेर फर्किएकी छु'- फुङलिङ नगरपालिका उपप्रमुख भीमादेवी ओझाले भनिन्- 'सदरमुकामवाट फावाखोलाको सडक कालोपत्रेका लागि मन्त्रीले बजेट लगाउँछु भन्नुभएको छ ।'

फुङ्फुङे झरनाको पर्यटन प्रवर्द्धन र खानेपानीका लागि आफू पनि प्रदेशका मन्त्रालयमा प्रस्ताव बोकेर दौडिरहेको मिक्वाखोला गाउपालिका अध्यक्ष भक्तबहादुर कार्की बताउँछन् । मुख्यमन्त्रीदेखि विभागीय मन्त्रीसम्मलाई भेटेका उनी कार्यान्वयनमा सहज हुने भएकाले पनि प्रदेशकोबवजेटमा वढी ध्यान दिएको बताउँछन् ।

पूर्व सामाजिक विकासमन्त्री साम्सोहाङ कृषिमा टनेल बनाउने, कुखुरा वितरण गर्नेदेखि पशुचौपाया र कृषि क्षेत्रमा प्रदेशको लगानी रहेको बताउँछन् । 'हिमाली जिल्लाका दुर्गम हिमाली बस्तीसम्म हामीले कार्यक्रम र योजना पुऱ्याएका छौं'- साम्सोहाङले भने- 'प्रदेशको कर्मचारी र आफ्नै खालको संयन्त्र नहुँदा कार्यान्वयन र रणनीतिमा केही कमजोरी देखिएको छ ।' स्वास्थ्यको क्षेत्रमा काम गर्ने जनस्वास्थ्य कार्यालयमा खेल मैदान निर्माण, घेराबारा लगायत पूर्वाधारका कार्यक्रम आएपछि प्रदेश सरकारको आलोचना पनि भएको थियो । अहिले त्यस्ता कार्यक्रमहरुमा सुधार आएको सांसदहरुको दावी छ । प्रदेश सरकार अन्तर्गत जिल्लामा डिभिजन वन कार्यालय, जिल्ला अस्पताल, कृषि ज्ञान केन्द्र, पशु सेवा केन्द्र जस्ता कार्यालयहरु राखिएका छन् ।

जिल्लामा भएको कार्यालयले जिल्लामै र जिल्लामा कार्यालय नभए नजिकको जिल्लाबाट हेर्नेगरी संरचना निर्माण भएको र यसले नागरिकलाई सहज बनाउँदै लगेको प्रदेश सांसद तावाको दाबी छ । 'कतिपय आवश्यक काम पनि गर्न कठिन हुने रहेछ, आफूले सोचेजस्तो नहुँदो रहेछ'- पूर्वमन्त्री एवम् प्रदेश सांसद निर्मला तावाले भनिन्- 'ताप्लेजुङ, पाूचथर, तेह्रथुमलाई समेट्ने गरी सर्पदंश उपचार केन्द्र राख्ने चाहना थियो तर सुरक्षा लगायतका कारण सम्भव नहुने रहेछ ।'

अलैंची खेती जस्ता कृषि कर्ममा लाग्दा हरेक वर्ष सर्पदंशका कारण थुप्रै मानिस घाइते हुने र उपचारका लागि तराई लैजानुपर्ने समस्यालाई सम्वोधन गर्ने प्रयासचाहिँ जारी रहेको तावा बताउँछिन् । प्रदेश सरकार अन्तर्गत रहेका जिल्ला अस्पताल ब्यवस्थापनको जिम्मेवारी प्रदेश सरकारकै नियुक्तिमा गर्ने र थप ब्यवस्थापन गरेर लैजाने नीति पनि सरकारले लिएको उनले बताइन् । यसो गर्दा सेवा प्रवाह अझ बढी सहज हुने उनको भनाइ छ ।

आफ्नो पहुँच विस्तार र अधिकार उपयोगका लागि संघीय सरकारसँग भएका कतिपय अधिकार प्रदेश सरकारले आफ्नो मातहत ल्याएको छ । वार्षिक चार लाखसम्म तीर्थयात्री आउने पाथीभरा धाम क्षेत्रमा गठित पाथीभरा क्षेत्र विकास समिति लगायतका संरचना प्रदेश सरकार मातहत ल्याइएको छ । यसअघि ताप्लेजुङको पाथीभरा, खोटाङको हलेसी संघ सरकार अन्तर्गत रहेका थिए । यसै आर्थिक वर्षदेखि कार्य सञ्चालन हुनेगरी प्रदेश सरकार मातहत ल्याइएको प्रदेश सरकारले जनाएको छ ।

## 'इस्टर्न ट्राभल मार्ट' हुने

**धरान, जेठ २४ ।** सुनसरीको इटहरीमा तीन दिने 'इस्टर्न ट्राभल मार्ट' आयोजना हुने भएको छ ।

नेपाल पर्यटन बोर्डको आयोजनामा इटहरीको सोल्टी वेस्टेण्डमा कोशी प्रदेशका पर्यटन व्यवसायीको विकास तथा पर्यटकीय स्थलको प्रवर्द्धन गर्ने उद्देश्यले भोलिदेखि जेठ २७ गतेसम्म उक्त मार्ट आयोजना हुने भएको हो ।

इटहरीमा पत्रकार सम्मेलन गर्दै मार्टको उद्घाटन कार्यक्रममा भारतको विहार, पश्चिम बङ्गाल, सिक्किम प्रान्त, भुटान र बङ्गलादेश लगायत मुलुकबाट पर्यटक ल्याइने योजना अनुसार मार्टको आयोजना गरिएको मार्टका सचिव वासुदेव बरालले बताए ।

मार्टमा कोशी प्रदेश लगायत अन्तर्राष्ट्रियस्तरबाट ८० वटाभन्दा बढी ट्राभल व्यवसायीको सहभागिता रहने मार्टका संयोजक भविषकुमार श्रेष्ठले जानकारी दिए । कार्यक्रमको अवधिमा प्रदेशमा रहेका विभिन्न पर्यटकीय स्थलको भ्रमण गराइने आयोजक संस्थाका कोषाध्यक्ष तेजबहादुर पुरीले बताए ।

इटहरी धरानरोड आँपगाछीस्थित सोल्टी वेस्टर्नको प्राङ्गणमा सञ्चालन हुने मार्टमा ३० वटा स्टल रहने पत्रकार सम्मेलनमा जानकारी दिइएको छ ।

## अभियानलाई रकम जुट्दै

**बिर्तामोड, जेठ २४ ।** स्वच्छ समाजका लागि सामाजिक अभियान अर्जुनधारा-११ झापालाई दृष्टिबिहीन तथा असहायका आवासका लागि शेरबहादुर इङ्नामले आर्थिक सहयोग गरेका छन् ।

अभियानले असहाय दृष्टिबिहीन, अपाङ्ग, दिन दुःखीहरुलाई बस्ने आवास निर्माणका लागि बाटाका टुटेफुटेका सिसा, प्लास्टिक आदि संकलन गरी बिक्री गरी आएको रकमले अर्जुनधारा-११ प्रगतिटोल देउनियाँ बस्तीमा दुई कट्ठा सात धुर जमिन खरिद गरेता पनि आधा रकम भुक्तानी गर्न बाँकी रहेको अभियानका अध्यक्ष सामाजिक अभियन्ता गणेश ढुङ्गानाले बताए ।

यसैक्रममा एक व्यक्ति एक धुर सहयोग गर्ने अभियान अन्तर्गत पूर्व माननीय इङ्नाम र उनकी धर्मपत्नी देवीमाया इङ्नामले पितृहरुको नाममा एक धुर बराबरको रकम ७० हजार रुपैयाँ अध्यक्ष ढुङ्गानालाई हस्तान्तरण गरेका छन् ।

कार्यक्रममा अभियानलाई आवास बनाउने जस्तो पुण्यकार्यमा हैसेमा होस्टे गरी सहयोग गरेकोमा सामाजिक व्यक्तित्व अभियानका आजीवन सदस्य बोलप्रसाद कोइराला, रञ्जन बस्नेतले दोसल्ला


सेफ्टी ट्यांकी चाहिएमा

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*



सम्पर्क :
देवराज गिरी ९७०६१९६४०६, ९८४२०७०५८६
विशाल हरिजन ९८१४९१७७११, ९८४२७३३६१२

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
झापा सेफ्टी ट्यांकी तथा ढल सफाई



बिर्तामोड सम्पर्क राजुकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१०, ९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्क: देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

ताजा र विश्वसनीय समाचारका लागि www.purwanchaldaily.com लगइन गरौं ।

ताप्लेजुङ -पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२, ९८०१३६४०९३

उच्च गुणस्तर सुलभ मूल्य
सयपत्री बालुवा प्रशोधन उद्योग

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।
सम्पर्क : ९८०४९५४४००, ९८६६२४२४६६
अर्जुनधारा नपा- ४, झापा

हाड जोर्नी नसाका बिरामीलाई सुवर्ण अवसर काठमाडौंका विशेषज्ञ बिर्तामोडमा

स्पार्क अस्पताल काठमाडौंका बरिष्ठ **डाक्टर अनिलकुमार महतो** यही **जेठ २६ गते शनिबार** स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोडमा आउँदै हुनुहुन्छ । आफ्नो समस्या जाँच गराई मौकाको फाइदा लिनुहोस् ।
**जाँच हुने समस्याहरु :**
- ढाड, कम्मर, गर्दन । घुँडा, जोर्नीहरु दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको
- शरीर झम्झमाउने, लाटो हुने, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको

समय : बिहान ८:०० देखि ३:००

स्पार्क पूर्वाञ्चल अस्पताल,
कनकाई रोड, नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९७६२९००२८८, ९८१४०३२६६२

बराल ट्याक्सी सर्भिस

दमक-बिर्तामोड-जितपुर-मंगलबारे
दैनिक सेवा
रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्

छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे

सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४, ९८४०३८७६७५
जीवन कार्की ९८१६९४०१७३
मे १ ज १६७०

नेपालीहरुको लागि भरपर्दो सेवा
निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर



Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पार्ट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ ।

पानीटंकीको पहिलो गल्ली दायाँ साइड सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

नोटः यहाँबाट निःशुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ ।
Youtube Channel : Nishat M jotic kendra




ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
विपरीत लिङ्गीसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाईको समय उत्तमसिद्धी रहेको छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
बोलिको प्रभावले आयआर्जनमा पछि परिएला, बोल्दा विचार पुऱ्याउनुहोला, प्रियजनसँग भेट हुने समय रहेको छ, भैपरि आउने खर्चले चिन्ता बढाउन सक्छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
मेहनतले राम्रो परिणाम प्राप्त हुनेछ, दिगो फाइदा हुने काम प्रारम्भ हुने समय रहेको छ, दाम्पत्य जीवन सुखी रहला, उत्साह बढ्ने योग रहेको छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
समय दिन नसक्दा बन्न लागेको काम बिग्रन सक्ला, व्यवसायमा नोक्सानी व्यहोर्नुपर्ला, भैपरी आउने खर्चले चिन्ता बढाउन सक्ला सचेत रहनुहोला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
यथेष्ट धन लाभको योग छ, बोली तथा वाणीको प्रभावमा वृद्धि हुनेछ, मिष्ठान्न भोजनको योग छ, मन प्रफुल्ल रहला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
आज तपाईले बोलिमा विचार पुऱ्याउनुहोला, राम्रै बोल्दा पनि नराम्रो सुनीन सक्छ, स्वास्थ्यमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौसला बढ्नेछ, छोटो दुरीको यात्रा हुनेछ, मन हर्षित रहला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
मनमा सन्ताप बढेर जानेछ, क्रोधलाई नियन्त्रणमा राख्नुहोला, अधिक खर्च हुने समय छ, मावली पक्षबाट अशुभ समाचारको योग छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
समय अनुकूल रहेको छ, नयाँ कामको प्रस्ताव आउनेछ, बोलिको भरमा अधुरो कामहरू फत्ते भएर जानेछ, प्रशंसकहरू बढ्नेछन्, मन प्रसन्न रहला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
मिश्रित फलको समय छ, काममा उतारचढाव आउन सक्छ, खानपानमा ध्यान दिनुहोला, स्वास्थ्य त्यति राम्रो हुने छैन ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
लामो दुरीको यात्रा हुनेछ, भाग्यले साथ दिनेछ, कार्यसिद्ध को योग परेको छ, टाढिएका मित्रजनसँग भेटघाट हुने समय रहेको छ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
आजको दिन समयले साथ दिएको छैन, नचिताएको ठाउँमा धन खर्च गर्नुपर्दा मन खिन्न भएर जानेछ, परिवारजन बिमुख हुने छन् ।